# गुरुङ बुद्धिजम

## भाग: ४
## गुरुङको मौलिक साहित्य

संसारका प्रत्येक जात जातिहरुको आ-आफ्नै संस्कृति हुन्छन् । त्यही संस्कृति ती जातिहरुको वास्तविक पहिचानको आधारशिला हो । त्यसैले, ती जातिहरुको परम्परा, संस्कार, धर्म, कर्म, रीतिरिवाज, जातीय बिशेषता, सामाजिक मुल्य र मान्यताहरुलाई साहित्यले प्रत्यक्ष अप्रत्यक्ष रुपमा उजागार गर्दछ ।

यसर्थ, साहित्य भनेको सामाजिक दर्पण हो । जसले समाजको प्रत्येक राम्रा नराम्रा गतिबिधिहरुलाई हुबहु चित्रण गरेर प्रतिबिम्वित गर्ने प्रयास गर्दछन् । त्यसैले, गुरुङहरुको सामाजिक आधारशीलाको रुपमा परिचित रोधीँ, भेडीगोठ, डाँफे, भीरमौरी, लालिगुराँस, लेखजात्रा, सामाजिक संरचना र लाहुरे प्रथालाई गुरुङको मौलिक साहित्यको शीर्षकमा राखिएको छ । यिनै शीर्षकहरु गुरुङको मौलिक साहित्य हुन् ।

# १. रोधीँ (सामाजिक संस्था):

रोधीँ (सामाजिक संस्था) भन्नासाथ गुरुङहरुको मौलिक संस्कृति भन्ने बुझिन्छ । गुरुङको आफ्नै भाषा, साहित्य, भेषभूषा, परम्परागत मौलिक संस्कार, धर्म, कर्म र संस्कृति छन् । यही हो हाम्रो मौलिक पहिचान भनेको । मलाई यसैमा गौरब लाग्दछ । तर, यतिका धेरै मुल्यवान सम्पदा हुँदाहुँदै पनि लोपोन्मुख अवस्था बन्दै गइरहेको बिडम्बना हाम्रो सामु छ । अतः यस सम्पदाको संरक्षण, खोज र अनुसन्धानको आवश्यकतालाई महत्व दर्शाउन गुरुङ जातिका मौलिक परम्परामा आधारित सामाजिक संस्था रोधींँको अर्थ र महत्व यहाँ चर्चा गरिएको छ ।

रोधीँ भन्ने शब्द गुरुङको आफ्नै मौलिक भाषाबाट रचना गरिएको शब्द हो । यसमा दुइवटा शब्दहरुबाट सन्धि गरिएको भए तापनि यिनका बीचमा परस्पर सम्बन्ध नङ र मासु जस्तै छन् । आदिमकालमा गुरुङ पैडी र चोगहरुले रोधीँ शब्दको रचना गर्दा, 'रो'को अर्थ धागोबाट बन्ने नयाँ संस्कारको स्वरुप अर्थात बुन्ने र 'धीँ'को अर्थ घर । अर्थात् धागोबाट नयाँ संस्कार बनाउने घर वा कलाकृति बनाउने घर वा घरेलु उद्योगको सीप बिकास गर्ने अभिप्रायले रोधींँको स्थापना गरिएको थियो भन्ने भावार्थ बुझ्नु पर्दछ । जहाँ, फुर्सदको बखत युवा, युवतीहरु, प्रौड, महिला एवं पुरुषहरु सामूहिक रुपमा भेला भएर

थिति बनेसको बारेमा सभा, भेला, कचहरी गर्ने, कला कौशलको बिकास गर्ने, राडी, पाखी बुन्ने, बुनाउने, उन वा उवाबाट धागो कात्ने, डोको, नाम्लो, थुम्से, स्याखु बुन्ने, नैतिक शिक्षाको बिकास गर्ने, गीतिकाव्य घाँटु नृत्य, संस्कृतिक कार्यक्रम र रमाइलो नाचगान गरी मनोरञ्जन गर्ने सामाजिक संस्थाको रुपमा 'रोधीँ'को बिकास गरिएको थियो । रोधीँ शब्द कति ओजपूर्ण र महत्वपूर्ण छ । कति धेरै दूरदर्शिता अपनाइएको छ । कति धेरै फराकिलो दृष्टिकोण राखिएको छ । यस अर्थमा हाम्रा अग्रजहरुलाई सम्मान गर्नु पर्छ । तर, गैर गुरुङहरुले यसलाई खालि मनोरञ्जन गर्ने एउटा नाइट क्लबको रुपमा चित्रण गरेर गुरुङको सामाजिक मुल्य र मान्यतामा हिलो छ्याप्ने काम पनि गरेका छन् । यो गलत कुरा हो । यसमा सम्पूर्ण गुरुङहरु सचेत हुन पर्छ ।

परम्परागत चलन अनुसार गुरुङ गाउँहरुमा युवा युवतीहरुको उमेर १२, १३ वर्ष पुगिसकेपछि मनपेट मिलेका दौंतरीहरु एक आपसमा सरसल्लाह गरी गाउँका नैतिकवान, चरित्रवान, सम्पन्नशाली, प्रभावशाली र सबैलाई पायक पर्ने घर परिवारको पहिचान गरी रोधींको स्थापना गरिन्छ । रोधीँ स्थापना गरिसकेपछि रोधींको सदस्यलाई रोस्यो, रोधीँ घरको आमालाई रोस्यो आमा र बाबालाई रोस्यो बाबा भनी सम्बोधन गरिन्छ । यसरी, नयाँ रोधींको स्थापना भएपछि रोधींका सदस्यहरुलाई साधारण आवास, चियापानको व्यवस्था, सुरक्षा, नैतिक

शिक्षा दिने र घरेलु उद्योगको लागि आवश्यक पर्ने न्यूनतम सामग्रीहरु जस्तै उन, उवा र धागो आदिको व्यवस्था गर्ने गराउने रोस्यो आमा र बाबाको नैतिक जिम्मेवारी रहन्छ । गाउँमा यस प्रकारका रोधीँ जनघनत्व र भौगोलिक अवस्थाको आधारमा एक वा एक भन्दा बढी पनि हुन सक्दछ । त्यसैले, निम्न लिखित उद्देश्यको आधारमा रोधीँको स्थापना गरिन्छ ।

## १. रोधीँको उद्देश्यः

१. युवा युवतीहरु भावनात्मक एकतामा संगठित हुने ।
२. प्रत्येक कार्यमा स्वयम् सेवकको भूमिका निभाउने ।
३. चाड पर्वमा रमाइलो कार्यक्रमको आयोजना गर्ने ।
४. हुरी लगाएर सामूहिक रुपमा सजिलोसंग काम गर्ने ।
५. सामाजिक उत्थानमा अग्रगामी भूमिका खेल्ने ।
६. क्षेत्रीय सदभाव कायम गर्न सदभावना राजदूतको भूमिका खेल्ने ।
७. गीतिकाव्य घाँटु नृत्यलाई निरन्ता दिने ।

यसरी गाउँमा नयाँ रोधीँ स्थापना भए पछि युवा युवतीहरु कलिलै उमेरदेखि आफ्नो मातृ भाषा, साहित्य, भेषभूषा, कला, संस्कृति, संस्कार, परम्परा, धर्म, कर्म र सामाजिक क्षेत्रमा ‘स्वयम् सेवक र सेविका’ भएर काम गर्न समर्पित हुने गर्दछन् । गाउँ घरको कुनै परिवारमा दुःख बिमार भए, हेर बिचार गर्न जाने । राति कुरुवा बस्न

परे पनि रातभरि रुङने । लामा, झँक्री, पच्यु र ख्लेप्रैंहरु लिन जान परे, तुरुन्त लिन जाने । दुःख बिमारका कारण कुनै परिवारले समयमा खेतीपाती गर्न नसके वा नभ्याए जुनसुकै काम पनि निःशुल्क सघाइ दिने । दैवि प्रकोपक परी आपतकालीन अवस्था भए उद्धार कार्यमा सकृय सहभागी हुने । चाड पर्वहरुमा संस्कृतिक कार्यक्रमहरु आयोजना गरी रमाइलोसंग मनोरञ्जन गर्ने गराउने । घरेलु उद्योगको शीप बिकास गरी राडी, पाखी र भाङ्ग्र बुनी पेवापातको बृद्धि बिकास गर्ने गराउने । स्थानीय घाट, बजार र जात्राहरुमा जाँदा आसपासका गाउँका दौंतरी मिल्ने युवा युवतीहरुसंग भाइचारा नीति अपनाउन क्रियाशील हुने गर्दछ । यसबाट, क्षेत्रीय स्तरमा भावनात्मक एकता कायम गर्नुका साथै आपसी भातृत्व, मातृत्व, नेतृत्व र क्षेत्रीय सदभाव कायम गर्न सहयोग मिल्दछ ।

गुरुङ संस्कृतिको मुहानका रुपमा परिचित रोधींका प्रत्येक सदस्यहरुले सानै उमेरदेखि संस्कृति र संस्कारहरु-संग गहिरो मितेरी गाँसिसकेका हुन्छन् । रोधीं परम्परा उनीहरुको जीवनको एउटा अभिन्न दिनचार्य भइसकेका हुन्छन् । यसरी, रोधीं परम्पराले गुरुङहरुको सामाजिक, आर्थिक, सांस्कृतिक एवं धार्मिक क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले गुरुङ गाउँहरुमा रोधीं परम्परालाई महत्वपूर्ण स्थान दिइन्छ ।

गुरुङ गाउँमा रोधींका युवा युवतीहरु आपसमा मिलेर काम गर्ने गर्दछन् । यसरी समूहमा मिलेर पालैपालोसंग काम गर्ने परम्परालाई 'हुरी वा नौंगर' लाउने भन्दछन् । हुरी वा नौंगर लाएर समूहमा मिलेर धान गोड्ने, कोदो गोड्ने, पिंडालु गोड्ने, धान काट्ने, कोदो टिप्ने, दाउरा बोक्ने, आली खन्ने, मल बोक्ने आदि काम गर्दा, स्थानीय लयमा गीत गाउँदै, नाच्दै रमाइलो बातावरणमा राम्रो, छिटो र सजिलैसंग काम गर्न सकिने भएकाले गुरुङ समाजमा यो परम्परालाई अत्यन्तै सकारात्मक पक्षमा लिने गरिन्छ ।

रोधींमा समय अनुसार मनपेट र दौंतरी मिल्ने युवा युवतीहरु आ-आफ्नो समूहलाई संगठित गरी फुर्सदको समयमा विशेषत: औसी, पूर्णिमा र बेलुकीको समय पारेर नैतिक शिक्षा अध्ययन गर्ने, महिलाहरुले स्वास्थ्य सम्बन्धी प्राथमिक शिक्षा प्राप्त गर्ने र घरेलु उद्योगको लागि सीप बिकास गर्ने । राडी, पाखी, भाङ्ग्रा, बक्खु र गलैच बुन्नका लागि नयाँ तानाबाना बनाउने शीप बिकास केन्द्रको रुपमा लिइन्छ । यसबाट युवतीहरुले सीप बिकास गर्नुका साथै पेवापातको रुपमा आय आर्जन पनि गर्दछन् ।

यसरी सीप बिकासको सवालमा रोधींमा युवा युवतीहरुमात्र नभएर महिला र प्रौढहरु पनि सामूहिक रुपमा भेला भएर सभा, सम्मेलन, कचहरी गर्नुका साथै डोको, नाम्लो, थुम्से, स्याखु, मान्द्रो, चित्रा आदि बुनेर त्यसको बिक्रीबाट आवश्यक अर्थोपार्जन पनि गर्न सकिन्छ

। त्यसैले, गुरुङ समुदायमा रोधींलाई सीप बिकास केन्द्रका रुपमा लिइन्छ ।

गुरुङहरुको सांस्कृतिक पर्वको रुपमा रहेको गीति काव्य घाँटु नृत्यलाई निरन्तरता दिने प्रत्येक रोधीं समूहको नैतिक जिम्मेवारी रहेको हुन्छ । यो गीतिकाव्य घाँटु नृत्य माघ महिनाको श्रीपञ्चमीको दिनमा स्थापना गरी बुद्ध पूर्णिमाको पूर्व सन्ध्याबाट नाचगान गरी भोलिपल्ट अपरान्ह घाम अस्ताउनु पूर्व देउराली डाँडामा लगि बिधिवत रुपमा समापन गरिन्छ ।

यसरी, प्रत्येक वर्ष एउटा रोधीं परिवारले गीतिकाव्य घाँटुको आयोजना गर्न जिम्मा लिएको हुन्छ । उक्त घाँटु नृत्यलाई व्यवस्थित गर्न एउटा योग्य व्यक्तिलाई व्यवस्थापकको रुपमा चयन गरेको हुन्छ । जसलाई 'डिठा' भनेर भनिन्छ । घाँटुको सम्पूर्ण काम डिठाको निर्देशन बमोजिम गरिन्छ । घाँटु नृत्यमा भएका आम्दानीबाट असारको हिले काम गर्नु भन्दा पहिले सम्पूर्ण गाउँबासीहरु मिलेर वनभोज खाने प्रचलन रहेको छ । जसलाई तमु भाषामा 'खुवै' भनिन्छ । यो गीतिकाव्य घाँटु पर्वमा बिशेषतः गाउँका चेली र ज्वाँइहरुलाई निमन्त्रण गरी सम्मान गरिन्छ । ज्वाँइ चेलीहरु र आमन्त्रित अतिथिहरु बाट प्राप्त भएका नगद दाननै मूल श्रोत मानिन्छ ।

रोधीं स्थापना भएपछि युवा युवतीहरु सामाजिक क्षेत्रमा 'स्वयम् सेवक र सेविका' भएर काम गर्न समर्पित हुने गर्दछन् । गाउँमा दुःख बिमार हुँदा कुरुवा बस्ने, रुङ्ने

र कुनै परिवारले समयमा काम गर्न नसके वा नभ्याए निःशुल्क सघाइ दिने । हुरी वा नौँगर लाएर सामूहिक रुपमा सजिलोसंग काम गर्ने । आपतकालीन अवस्थामा उद्धार कार्यमा सकृय सहभागि हुने । चाड पर्वहरुमा रमाइलो कार्यक्रम गरी मनोरञ्जन गर्ने गराउने । गीति काव्य घाँटु पर्वलाई निरन्तरता दिने । यसका साथै नैतिक एवं सामाजिक शिक्षा दिएर घरेलु उद्योगबाट सीप बिकास गरी राडी, पाखी, बक्खु र भाङ्ग्रा बुनी पेवापातको बृद्धि गर्ने गराउने । घाट, बजार र जात्राहरु जाँदा आसपासका गाउँहरुको दौँतरी मिल्ने युवा युवतीहरुसंग भाइचारा नीति अपनाएर आपासमा भावनात्मक एकता कायम गर्नुका साथै भातृत्व, मातृत्व र क्षेत्रीय सद्भाव कायम गर्न अहम् भूमिका खेल्न सक्ने रोधींँको सकारात्मक पक्षहरु हुन् ।

गुरुङहरुको प्रचलन अनुसार प्रायः माँगी बिबाह हुने भएकाले केटाले केटीलाई माग्नु पूर्व रोधींँमा गएर केटीको रुपरंग हेर्ने परम्परा पनि रहेको छ । यसरी फलाना गाउँको केटाले फलाना केटीलाई रुपरंग हेर्न आएका छन् अरे, भन्ने कुरा थाहा पाएपछि रोधींँका सदस्यहरुबीच चर्चा परिचर्चा गर्ने नयाँ बिषय बस्तुको प्रवेश हुन्छ । कतिपय अवस्थाहरुमा कन्यादान गर्ने अवसरमा दुलहीलाई रोधींँमै श्रृंगार गरी मूल घरमा लगी कन्यदान पनि गरिन्छ ।

बिबाहमा जन्तीसँग जाने दुलहीको साथीहरुलाई गुरुङ भाषामा ‘समस्यो’ भन्दछन् । गुरुङहरुको सामाजिक परम्परानुसार दुलह दुलही ससुराली फर्के पछि नव

दम्पत्तीलाई रोधींँका सदस्यहरु, रोस्योआमा र बाबासंग परिचय गर्न रोधींँमा निमन्त्रणा गरिन्छ । यसरी रोधींँको निमन्त्रणामा जाँदा नव दम्पत्तिले आफ्नो इज्जत अनुसारको सगुन मान सम्मानका लागि चढाउनु पर्छ ।

रोधीँ परम्पराको अर्को रमाइलो पक्ष के छ भने, वल्लो पल्लो गाउँका दौंतरी मिल्ने चेली र माइतिहरु एक आपसमा भेटघाट गरी परिचय गर्ने, मान सम्मान गर्ने र लोक दोहोरी भाषामा गीत गाएर नाचगान गरी रमाइलो गर्ने गर्दछन् । यसरी वल्लो पल्लो गाउँका चेली र माइतीहरुबीच आपसमा घनिष्टता भइसकेपछि रोधीँ परम्परानुसार 'परे रीँमै र परे मइमै' अर्थात सम्मानित चेली र माइतीको सम्बन्धलाई अझ बिस्तार गर्न मौसम अनुसारको फलफूल जम्मा गरी माइतिलाई सगुनका रुपमा पठाउने गर्दछ । यसरीनै माइतीहरुले पनि असोज महिनाको समयमा गाउँघर र गोठबाट दूध संकलन गरी खिर पकाइ चेलीहरुलाई सगुन पठाउने गर्दछन् । यसरी खिर पठाउँदा गुरुङ भाषामा 'खिर तेब वा चौंब' भनेर भन्दछ । यस प्रकार सगुनको आदान प्रदान गर्नाले आपसी सद्भावको बिकास गर्न मद्धत पुऱ्याउदछ । यो खिर पकाउने रोधीँ परम्पराको मौलिक संस्कारमा आधारित बिशेष सम्मान कार्यक्रम हो ।

रोधींँको सदस्यहरुको उमेरको हकमा प्रायः १२, १३ वर्षदेखिको हुने भएकाले प्रत्येक समूहको कार्यकाल यकिनसाथ भन्न नसकिए तापनि अन्दाजी ५–७

वर्षसम्मको हुन सक्दछ । किनभने युवतीहरुको उमेर १८, १९ वर्ष पुगेपछि बिहेवारी भएर जाने, युवाहरु पनि गोर्खा भर्ती, बैदेशिक रोजगार र बिबिध व्यवसायमा संलग्न हुने भएकोले त्यो रोधीँ समुहको कार्यकाल आफै समाप्त भएर जान्छ । फेरि नयाँ रोधींँको स्थापना हुन्छ । यसरी रोधीँ परम्परा गुरुङ गाउँहरुमा अविछिन्न चलिरहन्छन् ।

सन् १९९०को दशकदेखि विश्वव्यापीकरणको लहर चल्यो । त्यही लहरले गर्दा अवसरहरुको खोजीमा गुरुङहरु पनि आफ्नो किलोथलो छाडेर सहरमुखी हुँदै गए । आफ्नो बहुबलले अर्जेका धन सम्पतिहरु पनि शहरमै लगानी गरेर भौतिक सुख सयल गर्न थाले । परिणामः गाउँ घरमा बस्तीहरु पातलिँदै गयो । जनसंख्यामा ह्रास आयो । युवा युवतीहरुले गाउँ बिर्सिए पछि गाउँ घरहरु प्रायः उजाड हुँदै गए । लमजुङका केही लेकाली गाउँहरुमा बाहेक रोधीँ परम्परा शब्दमा मात्र सिमित रहने अवस्था देखिएको छ ।

हुन त, शहरमुखी भएका गुरुङहरुले पनि आफ्नो भाषा, साहित्य, भेषभूषा, संस्कृति, संस्कार र परम्परागत मान्यताहरुलाई जोगाउन राजधानीमा रोधीँ परिवार सञ्चालन नगरेका होइनन् । तर रोधींँको बास्तविक भावना र गहिराइको अध्ययन र अभ्यास पूर्णरुपमा नभएको हुनाले सुकिला मुकिला शहरिया बातावरणमा रोधीँ परम्परा खासै मौलाउन सकेन । तसर्थ, रोधीँ परम्पराको संरक्षणका लागि सबैले आ-आफ्नो क्षेत्रबाट इमान्दार भएर सोच्नु पर्ने अवस्था रहेको छ, सबैलाई चेतना भए ।

## २. भेडीगोठ (क्युउफ्ह्रौँ):

भेडीगोठ भन्ने बित्तिकै गुरुङहरुको गाउँघर, भीरपाखा, बनजंगल, डाँडा, काँडा, संस्कार संस्कृति, धर्म, कर्मदेखि नालि बेलीसम्मका कुरा आउँछ । आदिमकालदेखि नै संस्थागत रुपमा चल्दै चलाउँदै आएको भेडीगोठले गुरुङहरुलाई 'गास, बास र कपास' अर्थात खाने पिउने, लाउने, ओड्ने र ओछ्याउँनेदेखि लिएर दैनिक जीवनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका खेल्दै आएको देखिन्छ । साँचो अर्थमा भन्नु पर्दा, यही भेडीगोठको बास्तविकता नै गुरुङ समुदायको सामाजिक जीवनशैली, भावना, कथा र व्यथालाई हुबहु चित्रण गर्ने साहित्यको एउटा अंग हो । तसर्थ, भेडी गोठलाई गुरुङ समुदायमा 'नुन, उन र सुन'को व्यवसाय भनी अत्यन्तै सम्मानित दृष्टिकोणले हेर्ने गरिन्छ ।

गुरुङ समुदायमा भेडी गोठको स्थापना गर्ने परम्परा कहिलेदेखि हुँदै आएको भनेर स्पष्ट रुपमा भन्न नसके तापनि शिकारीयुगको अन्त्य र कृषि युगको प्रारम्भबाट यो परम्परा बसेको हुन सक्ने अनुमान गर्न सकिन्छ । किनभने, गुरुङहरु कृषि युगमा आएपछि, खेती किसान गर्दा, मलको आवश्यक हुनाले भेडा बाख्राको पालन गर्ने कार्य आरम्भ भयो । तर, खेती किसानको व्यस्त समयमा भेडा बाख्राहरुलाई उपयुक्त चरनको अभाव महशुस भएको हुँदा,

गाउँघरमा सबैले पालेका भेडा बाख्राहरु एक स्थानमा जम्मा गरेर गोठको रुपमा व्यवस्थित गर्न थालेका हुन् । गोठका लागि निश्चित व्यक्तिहरु चुनिए । गोठालो प्रमुखलाई 'तियाले' भनियो । तियालेको निर्देशनमा भेडीगोठको व्यवस्थापन गर्ने गरियो । यसरी गुरुङ समुदायमा आदिमकालदेखि नै संस्थागत रुपमा भेडी गोठको स्थापना गर्ने परम्परा चली आएको हो ।

**१. गोठको उद्देश्यः**

१. भेडा बाख्राहरु सबै एकै ठाउँमा राख्न सकिने ।
२. चरनमा लाँदा र फर्काउँदा सजिलो हुने ।
३. असल ब्याड पाल्न सजिलो हुने ।
४. पाठा पाठीहरु हुर्काउन सजिलो हुने ।
५. मल मल्न छिठो र सजिलो हुने ।
६. उपचार गर्न छिटो र सजिलो हुने ।
७. बिक्री बितरण गर्न सजिलो हुने ।
८. गोठालोको खर्च न्यून हुने ।
९. कुकुर पालेर सुरक्षा दिन सकिने ।
१०. उभौली र उद्यौलीमा गोठ सार्न सजिलो हुने ।

भेडीगोठमा भेडा बाख्राहरु सयौंको संख्यमा रहने भएकाले घाँसिलो, पारिलो र फराकिलो चरनको आवश्यक हुन्छन् । नेपालमा भेडीगोठका लागि व्यवस्थित चरन नभएकाले गोठालेहरु सधैं चरनको सवालमा चिन्तित

रहन्छन् । त्यसैले, भेडीगोठको चरनलाई 'उभौली र उद्यौली' गरी दुइ भागमा बिभाजन गरिएको हुन्छ ।

उभौली चरन भनेको चैत्रदेखि भदौ महिनासम्मको गरम मौसमलाई भनिन्छ । यो मौसममा गाउँ घरको आसपास र कृषि योग्य भूमिहरुमा खेतीपाती गरिने भएकाले चरनको अभाव रहन्छ । त्यसैले, चैत्र महिनाको शक्लपक्षदेखि उभौली जाने तयारीमा रहन्छन् । चैत्र महिनाबाट गर्मिको प्रभाव बढना थालेपछि भेडाका मूली माउहरुले राति सुत्ने बेलामा उत्तरतिर मुख फर्काएर सुत्ने गर्दछन् । यसरी अधिकांश मूली माउहरुले उत्तरतिर मुख फर्काएर सुत्न थालेपछि अब उभौली जाने समय भयो भन्ने कुराको गोठालोहरुलाई संकेत दिन्छ । यही संकेत अनुसार 'तियाले'ले राम्रो दिन बार हेरेर भेडीगोठलाई उभौलीतिर सार्दै लैजान्छन् ।

यसरी गोठ सार्दै लाँदा 'तियाले' अर्थात् गोठालो प्रमुखले प्रत्येक खर्कमा भारी बिसाए पछि पूजा गर्नु पर्छ । यो पूजा गर्ने क्रियालाई गुरुङ भाषामा 'सिल्दोनाँब' भनेर भन्दछन् । यो पूजा गर्दा यसरी फलाक्नु पर्छ–

ह्रिसिदोदो ... आज चैत्र शुक्लपक्ष बुधवारको दिनमा म काल्सिँ तियाले भुजुङ गाँउको भेडीगोठ लिएर पात्लेखेत-बाट डाँडा खर्कमा आएको छु । कोँरुँबलाई धूप, पानी र अक्षेता चढाउँछु । नम्रुँलाई धूप, पानी र अक्षेता चढाउँछु । यो डाँडा खर्कमा बस्ने मातृ पितृ सिल्दो नाल्दो साक्षी थानेमाने देवीदेवता देउराली भयारी नागनागिनी ल्हल्हु

भूत प्रेत सबैलाई धूप पानी र अक्षेता चढाएको छु । यो धूप, पानी र अक्षेता खाएर मेरो गोठमाथि रक्षा गर्नु । दुःख बिमार हटाइदिनु । जिवत नलाइदिनु । उभौलीको खर्कमा राम्रोसंग फलिफाप गरी दिनु भनी फलाक्छन् । यसरी उद्यौली र उभौलीको प्रत्येक खर्कहरुमा 'सिल्दोनाँब' कार्य गरेपछि गोठको उन्नति र प्रगति हुन्छ भन्ने परम्परागत् मान्यता रहिआएको छ ।

यसरी गाउँदेखि भेडीगोठको खर्क सार्दै लगेपछि भदौं पूर्णिमाको समयमा समुन्द्री सताहदेखि लगभग ३५०० मिटरको उचाइमा अवस्थित 'नाँग'मा पुग्दछन् । रुखपात रहित नाँगमा बुगीफूलको साथसाथै बिबिध प्रकारका जडिबुटीहरु ढकमक्क भएर फुल्दछन् । ती जडिबुटी मिश्रित घाँसपातहरु खाएपछि भेडा बाख्राहरुको स्वास्थ्य राम्रो र निरोगी हुन्छन् । निरोगी भएपछि धेरै बेत व्याउन सक्दछन् । धेरै बेत व्याएपछि बगाल बढ्छन् र गोठको उन्नति प्रगति हुन्छन् ।

त्यही पूर्णिमामा गाउँबाट रोधींको समूहहरु दूधपोखरी जात्रा हेर्न आउछन् । त्यसैले, गोठालोहरुले बाटोघाटो सरसफाइ गरेर यात्रीहरुका लागि खाने र बस्ने व्यवस्था पनि मिलाएका हुन्छन् ।

यसरी जाँदा, गोठालोहरुलाई चुरोट, सुर्ती, तमाखु, खैनी, खुर्सानी, च्युरा, भट्ट, छोक्रा, नरिवल, रोटी र रक्सि आदि कोसेली लगेर गोठमा बास बस्न पुग्छन् ।

पूर्णिमाको बिहान दूधपोखरी नुहाएर पवित्र भएपछि गोठमा आएर खिर र क्ष्युर्पी खान्छन् । दिउँसो बुगीको फूल र डाँफे हेर्न नाँगमा पुग्दछन् । त्यहाँको स्वाच्छ बातावरण-मा आनन्द मनाएपछि साँझ गोठालोहरुसंग दोहोरी गीत गाएर रमाइलो गर्ने गर्दछन् ।

भोलिपल्ट बिहानै यात्रीहरु फर्कने तयारी गर्दछन् । त्यस बखत गोठालोहरुले पनि रोधींँका युवा युवतीहरुलाई बुगीको फूल, क्ष्युर्पी, सल्लाको धूप, निरमसी, पाँचऔले आदि कोसेलीका रुपमा दिएर आपसी सदभाव प्रकट गर्दछन् । यसरी, रोधीँ समूहका युवा युवतीहरु र गोठालो-हरुबीच मानसम्मानको खातिर कोसेली साटासाट गरेर आपसी समझदारी भात्रृत्व, मात्रित्व र स्थायीत्व कायम गर्ने रोधीँ समूहको मौलिक परम्परा हो ।

उद्यौली चरन भनेको असोजदेखि फागुण महिनासम्मको चिसो मौसमलाई भनिन्छ । यो मौसममा गाउँ घरका आसपास र कृषि योग्य भूमिहरुमा खेतीपाती उठाइ सक्ने भएकाले चरनको अभाव रहँदैन । त्यसैले, असोज महिनाको प्रथम सातादेखि उद्यौलीतिर झर्ने तयारीमा रहन्छ । भदौ महिनाको अन्तबाट चिसो हावा बडन थालेपछि भेडाका मूली माउहरुले राति सुत्ने बेलामा दक्षिणतिर मुख फर्काएर सुत्ने गर्दछन् । यसरी अधिकांश मूली माउहरुले दक्षिणतिर मुख फर्काएर सुत्न थालेपछि अब उद्यौलीतिर झर्ने समय भयो भन्ने कुराको गोठालो-हरुलाई संकेत दिन्छन् । यही संकेत अनुसार 'तियाले'ले

राम्रो दिनबार हेरेर भेडी गोठलाई उद्यौलीतिर झार्दै ल्याउँछन् । यसरी गोठ झार्दै ल्याउदा 'तियाले' गोठालो प्रमुखले प्रत्येक खर्कमा पूजा गर्नु पर्छ । यो पूजा गर्ने तरिका खर्कको नाम बाहेक उद्यौली र उभौलीको एकै समान हुन्छन् ।

भेडीगोठ धेरै उपयोगी हुन्छन् । भेडाबाट वर्षमा उद्यौली र उभौली गरी दुई पटक उन प्राप्त हुन्छ। उनबाट ओड्ने बक्खु र ओछ्याउने राडी बनाइन्छ। जुन बक्खु र राडी गुरुङ समुदायमा अत्यन्तै मुल्यवान बस्तु मानिन्छ। राम्रो नराम्रो जुनसुकै पारिवारिक वा सामाजिक काममा पनि यसको प्रयोग हुन्छ । त्यसैले, भेडी गोठलाई 'नुन, उन र सुन'को व्यवसाय भनेर सम्मानसाथ लिइन्छ।

भेडा बाखाको मल अति उत्तम हुन्छ। उत्तम मलको प्रयोगबाट धान, मकै, कोदो, फापर, जौ र अन्य खेतीपातीहरु पनि राम्रो हुन्छ। खेतीपाती राम्रो भएपछि जीविका चलाउन सजिलो हुन्छ । यसबाट आर्थिक स्तर बृद्धि भएर उन्नति, प्रगति र समृद्ध हुन्छ।

गोठमा दुहुना भेडा बाखाहरुको संख्या धेरै हुने भएपछि प्रशस्त मात्रमा दूध र ध्यू प्राप्त हुन्छन् । भेडा बाखाको दूध, ध्यू, क्ष्युर्पी र कुराउनी असाध्यै तिक्खर हुने भएकाले गुरुङ परिवार र समाजमा यसको खपत राम्रो हुन्छ । मुनाफा पनि राम्रो हुन्छ । त्यसैले, यसको लोकप्रियता पनि अधिक मात्रमा रहेको पाइन्छ।

नेपाली समाजमा चाडपर्वहरु पनि धेरै हुने भएकाले चाडपर्वहरुमा भोज भतेरको प्रयोजनका लागि भेडा बाख्राको खसी, बोका र साँडहरु अत्यधिक मात्रामा बिक्री बितरण हुने गर्दछ । यसबाट प्रशस्त मात्रमा अर्थोपार्जन हुन सक्ने भएकाले गुरुङ समाजमा भेडी गोठलाई उत्तम व्यवसायको रुपमा लिइन्छ ।

गुरुङ समाजमा चाड पर्वहरुका साथै थरीथरीका परम्परागत सामाजिक संस्कार र मान्यताहरु पनि छन् । जस्तैः कुलपूजा, कुर्सीं र पितृकार्य ‘पए’ आदि । गुरुङहरुको कुलपूजा ‘फैलु’ गर्दा, बाली नगएको छतौरी भेडाले पूजा गर्नु पर्छ । यो पुरानो चलन हो । तर, आजभोली अधिकांश गाउँहरुमा यो चलन लोप भइसकेका छन् । यसैगरी, चोरी बिबाह गरेपछि प्रथम पटक ससुराली मान्नका लागि ‘कुर्सि’मा सौगात लिएर जाँदा, पानी पुगेको भेडाको साँड अनिवार्य रुपमा लिएर जानु पर्छ । यो चलन अझै बिद्यमान छ । गुरुङको पितृकार्य ‘पए’ गर्दा पनि ख्होक्युउको रुपमा भेडालाई चोख्याएर यज्ञ स्थलमा राखिन्छ । यो पनि पुरानै चलन हो । यो चलन पनि केही गाउँहरुमा बाहेक लोप भैसकेको छ । उपरोक्त कार्यशैलीहरुलाई मध्यनजर गरेर हेर्दा, भेडीगोठले गुरुङहरुको जीवनशैली र सामाजिक संस्कारहरुमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

गुरुङहरुको जीवनशैली अनुसार मासुका परिकारहरु बढिमात्रमा प्रयोग गरिएको हुन्छ । ती मासुको पूर्ति

भेडीगोठबाट उत्पादित खसी, बोका र साँडहरुबाट गरिन्छ । मासुको माँग हेरेर बजार व्यवस्थापन गर्ने गरिन्छ । त्यसैले, भेडीगोठको उपयोगिता महत्वपूर्ण रहेको छ ।

भेडीगोठको आसपास जंगली जीवातहरु शिकारको खोजीमा सधैं घुमिरहेका हुन्छन् । घना जंगल, झाडी भित्र र खोल्स खोल्सीमा रातको समयमा जंगली जीवतहरु भेडा बाख्राहरुको नजिकै आए पनि गोठालोहरुले देख्न सक्दैन । त्यसैले, गोठको सुरक्षाको लागि ६, ७ वटा भोटे कुकुर-हरुलाई राम्रो खान्की र तालिम दिएर पाल्दछन् । किनभने कुकुरसंग टाढैबाट शुक्ष्म गन्ध लिन सक्ने शक्ति हुन्छन् । त्यसैले, जंगली जीवतहरु नजिकै आएको वा भएको संकेत थाहा पाउँनसाथ त्यही दिशातिर गएर भुक्दछन् । कुकुरको संकेत अनुसार गोठालोहरु पनि त्यतै गएर हह होहो गरेर सुसेलो हाली ठुलो आवाज दिने गर्छन् । यसरी गोठालो र कुकुरको आवाज सुनेपछि जीवतहरु परपर भाग्छन् । भेडा बाख्राहरुलाई नोक्सान गर्न सक्दैनन् ।

भरखर व्याएका पाठा-पाठीहरु माउसंगै चरनमा जान सक्दैन । त्यसैले, ती कलिला पाठा-पाठीहरुलाई गोठमै भकारीले बारेर राख्दछन् । दुईवटा कुकुरहरु त्यसलाई कुरेर गोठमै बस्छन् । बाँकी कुकुरहरु भेडा बाख्राहरुसंगै सुरक्षा-को निम्ति अगाडि पछाडि हुँदै चरनमा जान्छन् । केलुकि भेडा बाख्राहरुको निगरानी गर्दै फर्कन्छन् ।

यसरी भेडी गोठको सुरक्षाको निम्ति कुकुरको भूमिका महत्वपूर्ण भएको हुँदा गोठालोहरुले कुकुरलाई राम्रो खाना

दिएर तालिम दिइ पाल्दछन् । ती कुकुरहरुले गोठालोको निर्देशन मात्र पालन गर्दछन् । अरुले भनेको टेर्दैनन् । लाठी मुङग्रा गरेर बल प्रयोग गरेमा सिधै झम्टिन आउँछन् । यसरी झम्टिन आउँने भोटे कुकुरको विशेषता हो ।

भेडीगोठको व्यवस्थापन गोठालो प्रमुख 'तियाले'को मुखानुसार हुन्छ । गोठमा भएका भेडा बाख्राहरु मध्ये कम्तिमा २५ प्रतिशत 'तियाले'को व्यक्तिगत हुन्छन् । बाँकी भाग गाउँलेहरु सबैको धेरथोर मिसिएका हुन्छन् । उनको सहयोगीका रुपमा ४, ५ जना ठिटाहरु हुन्छन् । ती ठिटाहरुले गोठमा परिश्रम गरे वापत 'तियाले'ले वर्षमा एक एक वटा भेडाका छतौरा व्याडको रुपमा दिन्छन् । सहयोगीहरुले यही व्याडबाट बडिबढाव गर्दै उन्नति प्रगति गर्दछन् ।

असोज महिनाको प्रथम साता उद्यौली झर्दै भेडीगोठ गाँउको आसपास आइपुगेको हुन्छन् । त्यही समय 'खेमानाँब' पर्व आउछ । गाउँले र व्यवसायीहरु गोठमा खसी, बोका र साँडहरु लिन आउछन् । यो समयको बिक्री बितरण गोठालोको लागि महत्वपूर्ण रहन्छ ।

यस बाहेक गोठालोहरुले समय अनुसारको जडिबुटीहरु जस्तैः निरमसी, बिष, सल्लाको धूप, स्युरी धूप, पाँचऔले, यार्सगुम्ब, सतुवा, भुतुकेश, नागबेली, जटामासी, कुरीलो आदि संकलन गरी गाउँ धरमा आउने समयमा बिक्री गरी फाल्तु आम्दानी पनि गर्दछन् ।

गोठालोहरु शिकार गर्न खप्पिस हुन्छन् । शिकारबाट पनि उनीहरुले प्रशस्तै आम्दानी गर्दछन् । यसरी गोठालोहरुले बिभिन्न माध्यमहरुबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा आम्दानी गरिरहेका हुन्छन् । यही नै गोठालोहरुको प्रमुख स्रोत मानिन्छ ।

भेडीगोठबाट केही बेफाइदहरु पनि छन् । बेफाइदहरु के छन् भने भेडा बाख्राहरुले कलिला टुसाहरु सबै खाएर सिध्याउछन् । टुसा हुर्कन नसकेपछि जंगल पात्लो हुँदै जान्छन् । यसबाट पर्यावरणको समस्या हुन सक्ने कुरालाई नकार्न मिल्दैन ।

खोरन्ड भनेको भेडा बाख्राहरुको खुट्टाको कापोमा लाग्ने एकदमै नराम्रो सरुवा रोग हो । यो रोग लागेपछि खुट्टाको कापो सडेर वा पाकेर झर्छ । झरेपछि भेडा बाख्रा सखाप हुन्छ । त्यसैले, खोरन्ड आएको शंका हुने बित्तिकै त्यो भेडालाई पहिचान गरेर गोठबाट टाढा राखी उपचार गर्नु पर्छ । यो रोग प्रायः गर्मीको मौसममा मात्र हुने भएकोले यो समय गोठालोहरु सजग र चनाखो भएर बस्दछन् ।

गुरुङहरुले आफ्नो किलोथलो छाडेर अवसरहरुको खोजीमा शहरमुखी हुन थालेपछि गाउँ घर पात्तियो । परम्परादेखि संस्थागत रुपमा चल्दै चलाउँदै आएको भेडीगोठको अवस्था पनि न्यून हुँदै आयो ।

परम्परादेखि संस्थागत् रुपमा चल्दै चलाउँदै आएको भेडीगोठलाई पुनः आधुनिकीरण गरेर (फार्मिङ प्रणालि-

द्धारा) पनि सञ्चालन गरेका छन् । यस ब्यवसायबाट बजारको माँग अनुसार मासु र उनको पुर्ति गर्न सफल भएकोले प्रशस्त मात्रमा आर्थिक उन्नति र प्रगति पनि गरिरहेका छन् ।

परम्परादेखि संस्थागत रुपमा चल्दै चलाउँदै आएको भेडीगोठले गुरुङहरुको गाउँ, घर, बस्ती, भीर, पाखा, बन जंगल, डाँडा, काँडा, संस्कार संस्कृति, धर्म, कर्मदेखि नालि बेलीसम्मको बास्तविक भावना र बिषय बस्तुहरुलाई प्रष्ट रुपमा प्रतिविम्ब गर्दछन् । किनभने, आदिमकालदेखि नै भेडीगोठले गुरुङहरुलाई 'गास, बास र कपास' अर्थात् खाने पिउने, लाउने, ओड्ने र ओछ्याउँनेदेखि लिएर दैनिक जीवनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका खेल्दै आएको पाइन्छ । तसर्थ, भेडीगोठलाई गुरुङ समुदायमा 'नुन, उन र सुन'को व्यवसाय भनी अत्यन्तै सम्मानित दृष्टिकोणले हेर्ने गरिन्छ ।

## ३. डाँफे (नक्दो):

गण्डकीप्रदेश (तमुवान) लमजुङ हिमालको फेदमा अवस्थित गुरुङहरुको आदिमबासस्थल ‘ख्होल-सौं-थर’को आसपासमा पाइने डाँफे चरीलाई हिमाली पंक्षी भन्दछ । समुन्द्री सतहदेखि लगभग ३५०० मिटर उचाइको सदाबहार क्षेत्रमा रमाउने यो हिमाली पंक्षी अत्यन्तै सरल, शान्त र सुन्दर हुन्छन् । त्यसैले, यसलाई नेपालमा राष्ट्रिय पंक्षीको स्थान दिइएको छ । तमू भाषामा डाँफेलाई ‘नक्दो’ भन्दछ । नक्दोलाई पंक्षीहरुको राजा पनि भनिन्छ । त्यसैले, गुरुङको राष्ट्रिय गीत ‘तमू ह्युल्स क्वे’मा नक्दोलाई यसरी परिभाषित गरिएको छ –

नउदो दोले फ्हुरसि प्रमु
नउदो दोले स्यसि प्रमु
चु ङिये ह्युलरी, चु ङिये कुलरी ..... २
नउदो दोले ओरसि टिमु
चु ङिये ह्युलरी, चु ङिये कुलरी ..... २

अर्थात् डाँफे जस्तै उडेर हिँड्छु । डाँफे जस्तै नाचेर हिँड्छु । डाँफे जस्तै गर्जेर बस्छु । यो हाम्रो राष्ट्रमा । यो हाम्रो कुलमा भनेर डाँफेको बास्तविक चरित्रलाई चित्रण गर्ने प्रयास गरिएको छ । यो गीत भाषाविद् घनबहादुर गुरुङले लेख्नु भएको हो । यसबाट के बुझिन्छ भने डाँफे चरीको बासस्थानसंग गुरुङहरुको जीवनशैली नजिक

रहेको देखिन्छ । यस अर्थमा भन्नु पर्दा, गुरुङहरुको सामाजिक सभ्यताको बिकास पनि डाँफे चरनको आसपास नै भएको देखिन्छ ।

डाँफेको अंग्रेजी नाम (Himalayan Monal) र वैज्ञानिक नाम (Lophophorus) हो । जीव बिज्ञानको बर्गीकरण अनुसारः जन्तु जगत, संघ, बर्ग, कुल, उपकुल, वंश, जाति र प्रजातिका रुपमा तलतल झर्दै आएको देखिन्छ । यसै अनुरुप हिमाली पंक्षी डाँफेको पनि धेरै समूह रहेका छन् । सदाबहार हिमाली क्षेत्रमा बस्नेलाई डाँफे । त्यसपछि अलि तल्लो सतहमा बस्नेलाई मुनाल, कालिज, लइचे, तित्रा र पालुवालाई कुखुरा भन्दछन् ।

डाँफे चरीको बास्तविक पहिचानको बर्णन गर्दा, यो पंक्षीको चरित्र अत्यन्तै सरल, शान्त र सुन्दर हुन्छ । तौलको हकमा २ देखि ३ केजी सम्मको हुन्छ । रुपरंगको कुरा गर्दा, टाउकोमा रंगविरंगको सुन्दर सिउर सिउरेको हुन्छ । यही सुन्दर सिउरको सुन्दरताबाट प्रभावित भएर यसैको हुबहु नक्कल गर्दै राजा महाराजाहरुले पनि हीरा, मोति, रत्न, मणि र पन्न आदि जडान गरी आफ्नो श्रीपेच सजाएका हुन् । जसलाई राज्यको सर्वोच्च शक्तिको प्रतीक मानिन्छ ।

यसैगरी, घाँटीमा जवाहरतको प्रतीक सुनौलो रंग, तल्लो भागमा फिका हरियो र त्यसमुनि चम्किलो कलेजी रंगले ढाकिएको हुन्छ । अंगमा गाडा नीलो र पहेलो रंगको पुच्छार लगभग १० देखि १२ इन्च लामो हुन्छ । पुच्छारको

जरामाथि चम्किलो उज्यालो नीलो कत्ला हुँदै अंगतिर मिस्सिन्छ। यसरी बहुरंगी रुपले सजिएको सुन्दर डाँफेको बर्णन शब्दहरुले जति गर्न खोजे पनि त्यति पर्याप्त हुन्छ जस्तो लाग्दैन । डाँफेको चरन हिमालको खाँगरदेखि सदाबहार रहने हरियाली सल्लाको घना जंगल र नाँगमा हुने गर्दछन् । यसले कीरा फट्याङग्रहरु र गेडागुडीबाट जीविका गर्दछन् ।

डाँफेको बास स्थान दुइ स्थानमा हुने गर्दछ। गर्मीको याममा अग्लो सल्लाको रुखमा र जाडो याममा ओबानो र न्यानो स्थान खोजेर बास बस्ने गर्दछन् । पोथीले चैत्र महिनामा सुरक्षित हुन सक्ने ओबानो ठाउँ रोजेर फुल पार्दछन् । एक पटकमा ३, ४ वटा फुल पार्दछन् । २८ दिन कोरलो बसेपछि चल्ला निकाल्दछन्। चल्ला हुर्के पछि दोश्रो वर्षमा पुनः फुल पारेर ओथर बस्छ ।

सदाबहार हिमाली क्षेत्रमा पाइने डाँफे चरीको रंगविरंगको सुन्दर प्वाँख बोनवाद अध्ययन गर्ने गुरुङ पुरोहितहरुले प्रकृतिवादको प्रतिक शिरमा लगाउने गर्दछन् । यसबाट डाँफे 'नक्दो'संग गुरुङहरुको सामाजिक सभ्यता अत्यन्तै घनिष्ठता रहेको प्रमाण दिन्छ ।

## ४. भीरमौरी (प्रोक्वै):

नेपालको भौगोलिक अवस्थानुसार समुन्द्री सतहदेखि लगभग ५००-३५०० मिटरसम्मको उचाइमा अवस्थित ओबानो, पारिलो भीर र जंगलमा मौरीले बास गरेको पाइन्छ । गुरुङहरुको जीवनशैलीमा भीर मौरीको शिकार गर्ने परम्परा शिकारीयुगदेखि आजसम्म पनि यथावतै रहेको छ । भीर मौरीको शिकार गर्ने उत्तम समय 'उभौलीको चैत्र महिनामा र उधौलीको' असोज महिनाको शुक्लपक्षको समय पारी काट्ने चलन रहेको छ । यसरी भीरमौरी काट्दा गाउँ समाजबाट चुनिएका मानिसहरु आवश्यक सामग्रीहरु लिएर जान्छन् । मौरी काटेर ल्याएपछि सेर्मा र सलामी बुझाउनु पर्ने भए, सो अनुसार बुझाएपछि बाँकी रहन आएको गाउँ घरमा बराबर धुरी भाग लगाएर बाँड्दछन् ।

आदिमकालमा ठिनी ख्ल्याल्समा रजाइ गर्ने अपकर्बु भन्ने राजाको मुक्रोन भन्ने रानी थियो । रानीबाट नौ जना छोराहरु भए । कान्छा छोरा पाएपछि रोगी भएर रानीको मृत्यु भयो । छोराहरु हुर्किदै आए । राजाले अर्को बिबाह गरे । कान्छी आमाको रुपरंग र सुन्दरता देखेर जवान छोराहरु लठ्ठिए । त्यसैले, सबै छोराहरु मिलेर बाबालाई मार्ने षड्यन्त्र गरे ।

एक दिन भीरमौरी काट्ने तयारी गरेर जंगलतिर गए । भीरमौरी काट्नका लागि भीरको डिलमा चुयाको लामो

भऱ्याङ थापेर मौरी भएको नजिकै पुगी धुवाउदै काट्नु पर्छ । सबै तयारी भैसकेपछि बाबाले जेठो छोरालाई मौरीकाट्ना अह्राए । तर, जेठो छोराले टाउको दुखेको बहाना गरेर जान मानेन । त्यसपछि, क्रमैसंग माइल, साइल र काइललाई अह्राए । सबैले एक एकवटा बहाना बनाए । अन्तमा, कान्छा छोरा जान तयार भयो । तर बाबाले कान्छो छोरालाई जान दिएन । मौरी काट्न आफै गए । बाबा तयार भएर भऱ्याङबाट तल झर्दै गर्दा, भऱ्याङ काटिदिए । भऱ्याङ काटिएपछि बाबा भीरबाट खसरे मृत्यु भयो भन्ठानेर छोराहरु घर फर्किए । फर्किएपछि कान्छी आमा कस्ले स्यार्ने भन्ने बिषयमा बाद बिवाद भयो । अन्तमा, भाइहरुबीच तीर प्रतियोगिता गरेर विजय हुनेले कान्छी आमा स्यार्ने निर्णय भयो । त्यसैले, कान्छी आमाको नत्थीमा तारो थापेर आगनबाट तीर प्रतियोगिता गरे ।

राजा अपकर्बु भीरबाट खसेर रुखमा अल्झियो । रुखबाट बिस्तारै टुक्रुक्क बस्न हुने सुरक्षित स्थानमा गएर बसे । अब के गर्ने होला भनेर सोँचिरहेको बखतमा एउटा गिद्ध आएर, म राजालाई उद्धार गर्न सक्छु भन्यो ।

तिमी गिद्धले मलाई कसरी बोक्न सक्छ, भनी प्रश्न गर्दा, मेरो शक्ति हेर्नु भनेर खोलामा गई ठुलो ढुङ्गा अंगमा चढाएर आइ, लौ मेरो शक्ति हेर भन्यो । राजालाई गिद्धको शक्तिमा पत्यार भयो । त्यसपछि, गिद्धको अंगमा चढी राजा अपकर्बु घरको पछाडि पट्टिको झ्यालबाट सुटुक्क पसेर तलामा लुकी झ्यालबाट छोराहरुको चर्तिकला हेरे ।

सबैले तीर हानी सकेपछि 'रानीसंग मेरो सत्‌रहेछ भने' यो तीर रानीको नत्थीमा छिर्नु भनी राजाले पनि एउटा तीर हान्यो ।

छोराहरु सबै तारो हान्ने ठाउँमा गएर आ-आफ्नो तीर हेरे । छोराहरुको तीर कसैको पनि नत्थीमा छिरेको थिएन । यो दसौँ तीर कस्को हो ? कस्ले हान्यो ? भनी छलफल हुदा, यो तीर अपकर्बुको हो, कान्छो छोराले भने ।

बाबा कहाँ छ त भनी जेठोले सोध्दा, तलामा लुकेर बसेको छ, भन्यो ।

त्यसपछि, आठ जना छोराहरुलाई बाबाले श्राप दिएको हुनाले तत्कालै मृत्यु भयो । कान्छो छोरो राजा भएर रजाइँ गरे । गिद्धले राजाको उद्धार गरेको हुनाले हजार वर्ष जिउ भनेर बरदान दिए । त्यसैले, गिद्धको आयु हजार वर्ष हुन्छ भन्ने जन बिश्वास रहेको पाइन्छ । यो अपकर्बुको कथा मगर र गुरुङ समुदायमा प्रचलित कथा हो ।

संसारमा मौरीका प्रजातिहरु एक हजार भन्दा बढी छन्‌ भन्ने बिश्वास गरिन्छ । सबै भन्दा धेरै प्रजातिहरु पाइने अस्ट्रेलिया हो । नेपालमा पाइने मौरीका जातिहरुमाः एपिस्‌ लावरिसा, सेरेना, मेलिफेरा र फ्लोरा आदि हुन्‌ ।

एपिस्‌ लावरिसा जातिका मौरीहरु उच्चा भीर र जंगलमा बस्न रुचाउद छन्‌ । यी जातिलाई भीरमौरी भन्दछन्‌ । यीनीहरु समुन्द्री सतहदेखि लगभग १२००-३५०० मिटरसम्मको उचाइमा अवस्थित ओबानो, पारिलो, घमैलो, भीर र जंगलमा बस्दछन्‌ ।

परम्परादेखि गुरुङ समुदायमा चलिआएको रीतिथिति अनुसार भीर मौरीको शिकार वा काट्नका लागि आफ्नै किसिमका मौलिक बिधिबिधानहरु रहेका छन् । ती बिधान-हरुमा सबभन्दा पहिले राम्रो दिनबार हेरेर चोयाको लामो भऱ्याङ तयार गरिन्छ । त्यसपछि कुखुराको पोथीले भोग दिएर पूजा गरेपछि शिकारमा निस्कन्छन् ।

भीरमौरीको शिकार गर्ने वा काट्ने काम अत्यन्तै चुनौति र जोखिमपूर्ण हुन्छ । तालमेल मिलेन भने बिमार हुने र सिकारीको ज्यानै पनि जान सक्ने भएकाले भीरको नजिक पुगेपछि शिकारी प्रमुखले पूजा गर्दछन् । यसलाई 'नम्रुँथिब सिल्दोनाँब' भन्दछन् । यो पूजा गर्दा यसरी फलाक्छन्–

ह्विसिदोदो ..... आज २०७९ चैत्र महिनाको शुक्लपक्ष बुधबारको दिनमा म काल्सिँ भीरमौरीको शिकारी प्रमुख भुजुङ गाँउको खर्क खर्चरी भित्र रहेको क्ष्यदो भीरमा भीरमौरीको शिकार गर्न आफ्नो दलबल लिएर आएको छु । कोँरुँबलाई धूप, पानी र अक्षेता चढाउँछु । नम्रुँलाई धूप, पानी र अक्षेता चढाउँछु । यो क्ष्यदो भीरमा बस्ने मातृ पितृ सिल्दो नाल्दो साक्षी थानेमाने देवी देवता देउराली भयारी नाग नागिनी ल्हल्हु भूतप्रेत र जंगली मसान सबैलाई धूप पानी र अक्षेता चढाएको छु । यो धूप, पानी र अक्षेता खाएर मेरो शिकार सफल गरिदिनु । मेरो र शिकारी दलको रक्षा गर्नु । दुःख बिमार हटाइदिनु । जीव जीवत नलाइदिनु । मैले शिकार गरेपछि सबभन्दा पहिलेको

मह तपाइँहरुलाई चढाउँने छु भनि फलाक्छन् । यसरी 'नम्रुँथिब सिल्दोनाँब' कार्य गरेपछि शिकारको फलिफाप, उन्नति र प्रगति हुन्छ भन्ने परम्परागत् मान्यता रहिआएको छ ।

पूजाको काम सकिएपछि शिकारी प्रमुखको निर्देशन बमोजिम दुइ समूहमा बाँडिन्छन् । व्यवस्थापन समूह मह राख्ने भाँडा, ताउलो, तसलो र खानपानका सामग्रीहरु लिएर भीरको जरामा जान्छन् । आर्को समूह शिकारका लागि चाहिने भऱ्याङ र अन्य सामानहरु लिएर शिकारी प्रमुखको साथमा भीरको सिरानमा पुग्दछन् ।

निर्धारित स्थानमा पुगेपछि शिकारी प्रमुखको निर्देशन अनुसार भीरको सिरमा भऱ्याङ थाप्दछन् । भऱ्याङको साथमा एउटा रस्सीमा मह राख्ने कोर्क तयार पारेर झारिन्छ । शिकारी प्रमुख भऱ्याङबाट तल झर्छन् ।

यसरी, भऱ्याङमा पिङ खेल्दै मौरीको चाका भएको स्थान नजिकै पुगेर स्याउलाले बेरेको धुवाको पोको चाकाको तल धुवाउँछन् । धुवाको कारण मौरीहरु चाका छाडेर वरपर भाग्दछन् । त्यही समय भालाले कोपेर मौरीको शिकार गर्दै काटिएका चाका कोर्कोमा झार्दछन् । शिकार सकिएपछि शिकारीले 'त्हदो त्हदो' भन्छ । यो शब्द सुनेपछि सिरमा बस्नेले कोर्कोको रस्सी बिस्तारै छाड्छन् । कोर्को फेदमा पुग्दछ । तलकाले महको चाका निकाली सकेपछि 'चैँदो चैँदो' भन्दछन् । यो शब्द शिकारीले सुनेपछि पुनः दोहऱ्याउँछ । शिकारीको शब्द सुनेपछि सिरानकाले

बिस्तारै रस्सीलाई तान्छ । कोर्को शिकारीको अनुकुलमा पुगेपछि 'ख्वादो ख्वादो' भन्दछ । शिकारीबाट यो शब्द सुनेपछि सिरानकाले रस्सीलाई मजबुतसंग बाँधेर राख्दछ । यसरी, कोड शब्दबाट महको कोर्को र स्याउलाले बेरेको धुवाको पोकालाई झार्ने र तान्ने गरेर शिकार गर्दछन् ।

साँझ बास बस्ने समयमा दिउसो शिकारमा भएका कमी कमजोरीहरुको समीक्षा गर्दै भोलिपल्टको शिकारको बारेमा छलफल गर्दछन् । यसरी जोखिमपूर्ण कार्य गरेर भीरमौरीको शिकार गर्ने गुरुङहरुको मौलिक संस्कार रही आएको छ ।

मौरीबाट उत्पादित मह धेरै उपयोगी हुन्छन् । मह पौष्टिक खाद्या बस्तुको रुपमा लिइन्छ । मौसम अनुसारको महलाई बैद्यहरुले औषधिको रुपमा पनि प्रयोग गर्दछन् । मौरीको चाकाबाट मह निकाली सकेपछि बाँकी रहेको छोक्रालाई मैनको रुपमा प्रयोग गरिन्छ ।

भीरमौरीको शिकार अत्यन्तै चुनौती र जोखिमपूर्ण भएकाले यो व्यवसाय ओझेलमा परेको छ । तर मौरीको मह औषधि र खाद्य पदार्थहरुमा अत्यन्तै उत्तम मानिएको हुनाले महको बजार दिन प्रतिदिन फराकिलो हुँदै आएको छ । त्यसैले, बजारको मांगलाई पुर्ति गर्न आधुनिक प्रणालीबाट व्यावसायिक रुपमै मौरी पालन गरिएका छन् । मौरी पालनका लागि सेरेना, मेलिफेरा, डोरसेटा र फ्लोरा आदि जातिका मौरीहरु उत्तम मानिन्छन् ।

## ५. लालिगुराँस (पोडे):

लालिगुराँस भन्ने बित्तिकै नेपालको पहाडी भुभागको स्मरण हुन्छ । यो फूल सूर्यको लालिकिरण जस्तै रातो देखिएकाले यसको नाम पनि काम जस्तै लालिगुराँस भनिएको हो। यो फूल समुन्द्रि सताहदेखि लगभग १२००-३५०० मिटरसम्मको उचाइमा फाल्गुन महिनादेखि जेष्ठ महिनासम्म ओबानो, पारिलो र घमैलो ठाउँमा ढकमक्क भएर फुल्दछ। गुराँस फुल्ने समयमा बनपाखा सबै रातास्यै भएर रमाइलो देखिन्छ। यो नेपालको राष्ट्रिय फूल हो ।

लालिगुराँस चिमाल र गुराँस गरी दुइ जातिमा पाइन्छ । चिमाल भनेको लालिगुराँसकै परिवारका एक प्रजाति हो । चिमालको बोट स-सानो भएकोले झ्याङ झ्याङ भएर फुल्दछन् । चिमालको फूलको थुँगा लालिगुराँसको अनुपातमा धेरै साना हुन्छन् । फूलको रंग पनि हल्का रातो, पहेलो, सेतो र छिर्प्रेपाङ्ग्रे परेको हुन्छ । बोटको आधिकतम उचाइ १२ फिट र मोटाइ दुइ इन्चसम्मको गोलाइमा हुन सक्दछ। यो चिमाल ३००० मिटरमा मात्र रहने भएकोले यसलाई हिमाली गुराँस पनि भन्दछ।

यो लालिगुराँस ओबानो, पारिलो र घमैलो स्थानहरुमा समुन्द्रि सतहदेखि लगभग १२००-३००० मिटरसम्मको उचाइमा पाइन्छन् । रुखको बनावटलाई हेर्दा, प्रायजसो नराम्रो बाङ्गो टिङ्गो हाँगाबिगा भएर हुर्किएका हुन्छन् ।

नेपालमा पाइने गुराँसको जातिहरु मुख्यतया दुई थरीका छन् । रातो भएर एकै रंगका फूल फुल्नेलाई लालिगुराँस भन्दछ । लालिगुराँस नेपालको बिभिन्न स्थानहरुमा सहजै पाइन्छ । तर रानीगुराँस भने कास्की जिल्लाको घान्द्रुक गाउँदेखि घोडेपानीबीचको स्थानहरुमा मात्र यदाकदा पाइन्छ । रानीगुराँसको एउटै रुखको बिभिन्न हाँगाहरुमा रातो, पहेँलो, हल्का नीलो, गुलाफी, नीलो गुलाफी, रातो गुलाफी र फिका बैगुनी रंगका फूलहरु फुल्दछन् । यसरी बहुरंगी फूल फूलाउन र सजाउँन सफल हुने रानीगुराँसको छुट्टै बिशेषता रहेको छ ।

लालिगुराँसको फूलको थुँगाको आकृति र बनावटलाई हेर्दा, प्रकृतिले पनि रचना र सिर्जनामा अद्भूत कला-कृतिको प्रयोग गरेको अनुभूति हुन्छ । यसको प्रत्येक थुँगामा पाँचदेखि दस बाह्रवटासम्म कोसाहरु हुन्छन् । प्रत्येक कोसा थुम्सेको आकारमा ढुंग्रो परेको हुन्छ । त्यो ढुंग्रोले गुलियो पानी उत्पादन गर्छ । त्यही पानी कोसाको लागि पौष्टिक तत्व हुन्छ । ढुंग्रोको पिँधबाट पहेलो, नीलो, छिप्रेपाङ्ग्रे रंगको दुइ तीनवटा टुसा बाहिर निस्केर आउछ । त्यही टुसा कोसाको शौन्दर्यताको प्रतिक हुन्छ । गाउँले भाषामा टुसालाई जुँग पनि भन्दछन् । कारणवस टुसाको पूर्ण बिकास नहुँदै भाँचियो वा मकियो भने त्यो कोसा सडेर वा गलेर जान्छ । तसर्थ यी टुसाहरु कोसाका लागि महत्वपूर्ण अंगको रुपमा मानिन्छ । यही प्रकृया चिमालमा पनि लागु हुन्छ ।

लालिगुरासको जीवन बुझ्नका लागि छोटो कथा सुन्न सान्दर्भिक हुन्छ। आदिमकालमा शिव र पार्वती बन बिहार गर्दै, गुराँसको बनमा आइपुगे। गुराँसले ओबानो र न्योनो बास दिएको हुनाले शिव र पार्वती केही समय त्यही बसेर आनन्द मनाए। गुराँसको सेवा सत्कारले शिवजी अत्यन्तै खुसी हुँदै– 'हे गुराँस, तिम्रो सेवा र सत्कारले म अत्यन्तै खुसी छु। मनमा चित्ताएको वर माग्नु' भने।

हे नाथ, हे कौँरुँब, मेरो रुपमा कुनै मान, प्रतिष्ठा र सौन्दर्यता छैन। मलाई सबैले मन पराउने सौन्दर्यको वर दिनु, गुराँसले नरम भावमा भन्यो।

हे गुराँस, बसन्त ऋतुको आगमन संगै तिम्रो प्रत्येक मुनामा लालि किरण जस्तै रातो रंगको कोशा कोशा भएको सुन्दर र पवित्र लालिगुराँसको फूल फुल्ने छ भनी बरदान दिएर शिव र पार्वती हिमालय पर्वततिर लागे।

समय बित्दै गयो। बसन्त ऋतुको आगमन भयो। गुराँसको प्रत्येक मुनामा लालिगुराँसको सुन्दर फूल फुल्न थाल्यो। त्यसैले, लालिगुराँसलाई शिवजीको बरदान मानेर ढुंग्रो परेको कोसालाई पार्वती र टुसा वा जुँगलाई शिवजीको प्रतिक मानेर सम्मानसाथ पूजा गरिन्छ।

नेपालको हरियाली डाँडाकाँडाहरु बिशेषता, ओबानो, पारिलो र घमैलो ठाउँहरुमा गुराँस रमाउने गर्दछन्। लमजुङ जिल्लाको धुवादी, बाग्लुङपानी, सुलकोट, गैरीखर्क, लमचुँडाँडा, लमताल, नाल्मा दोसाँध, पुरानकोटको लेख र सितलेस्वाँरा; कास्की जिल्लाको घान्द्रुङ, लान्द्रुङ, सिक्लेस,

बिरेठाँटी, चित्रेदेखि लिएर घोडेपानी र टाडापानी आदि क्षेत्रहरुमा लालिगुराँस बढी फुल्ने गर्दछन् । बसन्त ऋतुमा फुल्ने यो फूलले आफ्नो क्षेत्रलाई पूर्णरुपमा लालिमा चढाएर सबैलाई मन्त्रमुग्ध बनाउँदछन् । गुराँसको बीचबीचमा फाट्टफुट्ट फुल्ने सुनेचाँपले सुनमाथि सुगन्ध थप्दछन् । यस्तो रमणीय दृष्य हेर्न र दिब्य सुगन्ध लिन स्वर्गको देवताहरु र अप्सराहरु पनि लोभिन्छन् भन्ने जनश्रुति रहेको छ ।

लालिगुराँस एकदमै उपयोगी फूल हो । यो फूलको कोसा भित्र प्रशस्त मात्रमा गुलियो पानी रहने भएकोले यसलाई सबैले खान मन पराउँछन् । महिलाहरुले आफ्नो सुन्दरतामा बिशेष लालिमा थप्न सिउदोको ठीक पछाडि सिउरिने पनि गर्दछन् । यो फूलको उत्तम कोसाहरुलाई वैद्यहरुले औषधिको रुपमा प्रयोग गर्दछन् । लालिगुराँसको फूल अत्यन्तै शुभ मानिएको हुनाले नेपाली समाजमा साइतको समयमा यसको थुँगा पूर्णकलाश माथी राखिन्छ । गुराँस अत्यन्तै सुन्दर भएकाले नेपालको राष्ट्रिय फूलको स्थान दिइएको छ ।

गुरुङको गीतिकाव्य घाँटु पर्वमा मन्द गतिको नृत्य गर्ने स्थान गरा वा (स्टेज)लाई लालिगुराँसको पोटिलो थुँगाहरुले पूर्ण रुपमा सिँगारिएको हुन्छ । त्यसैले, गुरुङ समुदायमा लालिगुराँसको फूललाई गीतिकाव्य घाँटुको फूल भनी सम्मान गर्ने गरिन्छ । घाँटुको समापन भएपछि गुराँसको लालिमा पनि बिस्तारै हराउँदै जान्छ ।

## ६. लेकजात्राः

लेकाली गुरुङ गाउँहरुमा रोधीं परम्परा अझै पनि यथावत कायमै छ। रोधींका रोस्योहरु उनका कार्यकालमा एक पटक लेकजात्रा जाने परम्परा रही आएको छ । लेकजात्रा भनेको भदौ पूर्णिमाको तिथिमा आ-आफ्नो क्षेत्रमा नाम चलेका प्रख्यात स्थानहरुमा रहेका ताल वा पोखरी नुहाउन जाने यात्रा हो । लमजुङ र कास्की जिल्लाको हकमा गुरुङहरुको आदिम् राजधानी 'ख्होल-सोँ-थर'देखि माथि अवस्थित पवित्र स्थल दूध पोखरी नुहाउन जान्छन् । यसैलाई लेकजात्रा भन्ने गरिन्छ ।

लेकजात्रामा जाँदा, खाना पिनाका सामग्रीहरुका साथै ओड्ने ओक्ष्याउने लत्ता कपडाहरु पनि भरिया लगाएर लैजान्छन् । जाँदाखेरि गोठ वा ओडारहरुमा बस्दै भेडीगोठमा पुग्दछन् । यसरी लेकजात्रा जाँदा, घरबाट साइत गरिसके पछि दोहोरी भाकामा लेख जात्राको गीत गाउँदै जान्छन् । गीत गाउँदा, सवभन्दा पहिले गीतैबाट कोँरुँब देउताको अराधना गर्दछन् । गुरुङ भाषामा 'कोँरुँब' भनेको शिव हो । त्यसपछि गीतैको भाषामा त्यो गाउँदेखि दूध पोखरीसम्मको सिल्दो साक्षी थानेमाने सिमेभूमे देवीदेउता देराली भयारी नागनागिनी ल्हल्हु भूतप्रेत सबैलाई मन्साउँदै पन्साउँदै जान्छ । गुरुङ भाषामा मन्साउने क्रियालाई 'नम्रुथिब सिल्दोनाँब' भन्दछ । लेक

यात्रामा मन्साउँने काम राम्रोसंग गरिएन भने यात्रामा जाने यात्रुहरुलाई लेक लागेर दुःख बिमार समेत हुन सक्दछ भन्ने बिश्वास छ ।

अब गाउँबाट लेक यात्रीहरु आउछन् भनेर भेडी गोठालाहरुले पनि बाटो घाटो साफ सुग्धर गरेर राख्दछन् । यात्रीहरुले पनि गोठालाहरुलाई मान सम्मान गर्न सुर्ती तमाखु चुरोट खैनी खुर्सानी रोटी र रक्सि आदि खाने बस्तुहरु लगेर पूर्णिमाको अघिल्लो रातमा गोठमा बास बस्न पुग्दछन् । गोठमा पुगेपछि गोठालेहरुले खिर र कुराउनी आदि पकाएर यात्रीहरुको स्वागत गर्दछन् । यात्रीहरुले पनि आफुले लगेका सगुनहरु गोठालाहरुलाई उपहार स्वरुप दिने गर्दछन् ।

भोलिपल्ट बिहान सबेरै उठेर दूधपोखरी नुहाउन जान्छन् । नुहाइ धुवाइ गरिसकेपछि गोठमा फर्कन्छन् । त्यो दिन गोठमै बसेर खिर, क्ष्युर्पी र कुराउनी खाने बुगिफूल र डाँफे मुनाल हेर्न नाँगमा जान्छन् । साँझ गोठालोहरुसंग दोहोरी भाषामा गीत गाएर रमाइलो गर्दछन् । भोलि बिहान सबेरै उठेर यात्रीहरु गाउँ फर्कने तयारी गर्दछन् । त्यस बखत फेरि गोठालाहरुले सल्लाको खोट भएको बत्ती, स्युरी धूप, बुगीफूल, कुराउनी र क्ष्युर्पी आदि उपहार दिएर यात्रीहरुको सम्मान गर्दछन् । यसरी यात्रीहरु र गोठालोहरुबीचमा भातृत्व र मैतृत्व कायम गरी आपसमा न्यानो सम्बन्ध अभिवृद्धि गर्दछन् । तर आजभोलि यो परम्परा लोप भैसकेका छन् ।

## ७. गुरुङको सामाजिक संरचनाः

गुरुङहरु हिमाली जातिहरु मध्येका एक जाति हुन् । यी जातिहरु अत्यन्तै सरल स्वभाव, इमान्दार, वफादार, मिहेनेती र सहयोगी भावनाबाट ओतप्रोत भएका हुन्छन् । शारीरिक बनावटको हकमा मझौला कद, गहुँ गोरो रंगका हुन्छन् । तामासी भोजनमा रमाउने यो जातिहरुको रीतिरिवाज र संस्कृति अत्यन्तै समृद्ध छन् ।

गुरुङहरु मंगोलियन वंशका हुन् । आदिमकालमा मंगोलबाट महाचीनको भूभागलाई बिभिन्न समय र अवस्थामा पार गर्दै तिब्बतको कैलाशपर्वतको पश्चिमी भागमा अवस्थित तिङयान भन्ने स्थानमा बसोबास गर्ने हुण जाति हुन् । ती हुण जाति मध्येका एउटा च्यन महापरिवार (प्रेडी) पश्चिम नेपालको ताक्लकोटको घाँटी पार गरेर सफुँती ख्व्याल्स आइ बसेका थिए । च्यन परिवारहरुको संस्कृति, संस्कार र धर्म 'पोङ्ब'मा आधारित थियो । 'पोङ्ब' भनेको मुखाकार रुपमा मौखिक बाचन अर्थात श्रवण परम्परा हो । यसलाई श्रुतिवेद पनि भन्दछ । यसलाई अंग्रेजीमा Oral Bible भन्दछन् ।

गुरुङहरुको वंश र कुल परम्पराको कुरा गर्दा, मंगोलियन वंशबाट हुण जातिमा, हुणबाट च्यान परिवार (प्रेडी)मा च्यनबाट तुइमामा, तुइमाबाट तमूमा, तमूबाट गुरुङमा समय अनुकूल परिचित हुँदै आएका छन् ।

भारतमा ब्रिटिश साम्राज्यवादको बिस्तार भएपछि गुरुङहरुलाई 'गोर्खा' उपनामबाट पनि परिचित भए ।

गुरुङहरुको बसाइँ सराइको इतिहासलाई हेर्दा, तिब्बतको तिङयानबाट पश्चिम नेपालको ताक्लकोटको घाँटी पार गरेर सफुती ख्व्याल्स आए । त्यहाँबाट ठिनी ख्व्याल्स, उइच्हो, क्होल, ख्होल-सौँ-थर, लमचुँ (लमजुङ) आए । लमजुङबाट गण्डकी प्रदेश (तमुवान) हुँदै नेपाल अधिराज्यभर फैलिए । हाल विश्वव्यापीकरणको लहरले गर्दा, गुरुङहरुको बसाइँ सराइ भूगोलको प्रत्येक भागमा पुगेका छन् ।

गुरुङहरुको सामाजिक संरचना मातृसत्तात्मक, बैचारिक स्वतन्त्रता र सामाजिक समानताको आधारमा अंगीकर गरेको देखिन्छ। गुरुङहरुको सामाजिक संरचनामा बर्णभेद छैन । नारी पुरुष दुवैले समान अधिकार प्राप्त गरेका हुन्छन् । शासन प्रणालीमा पनि समानताको आधार रहेको छ । लमजुङमा शासन गर्ने राजा ख्याल्बो रोजा उपनाम रहेको पर्सै ख्व्ले (क्ले) परसुराम घलेको शासनकालमा 'नालछौँज'को उद्देश्य यस्तो थियो ।

दाइले भाइलाई नमिच्नु ।
धनीले गरिबलाई नमिच्नु ।
बलियोले निर्बलियोलाई नमिच्नु ।
भलादमीले सर्वसाधरणलाई नमिच्नु ।
सर्वसाधरणले भलादमीलाई नमिच्नु ।

घले राजाले स्थापना गरेको 'नालछ्यौंज'को उद्देश्य प्रजातान्त्रिक समाजवाद वा समानताको आधारमा आधारित थियो । नालछ्यौंजमा बिशेष गरेर जग्गा जमिन खोरिया भीर पाखा खोला नाला पोखरी बन जंगल बाटो घाटो चौतारी ठाँटी पौवा खर्क खर्चरी पुवाघारी मौरीको भीर डाँफेचरन माछ्राचरन गौचरन साँध सीमाना थिति बन्देज रीतिरिवाज चाडपर्व संस्कृति संस्कार आदिको बारेमा छलफल गरेर थिति बाँधिन्थ्यो । यसरी बाँधिएका थितिहरु सर्वसाधरण सबैलाई मान्य हुन्थ्यो ।

गुरुङको प्रेडीहरुलाई 'न्हेस' सहित समूहगत रुपमा राख्ने प्रयास गरिएको छ । यसबाट कुन प्रेडीको 'न्हेस' कहाँ हो भन्ने बारेमा प्रष्ट जानकारी हुन सक्दछ । घले प्रेडी राजवंशको भएको हुनाले सिरानमा राखिएको छ । त्यसपछिका प्रेडीहरुलाई बर्णानुक्रममा राखिएको छ ।

**१. ख्ल्ले (क्ले) घले प्रेडी र न्हेसः**

रिल्दुघले, न्हेसः घले गाउँ, लमजुङ ।
साम्रीघले, न्हेसः तिल्चे, ताचे, मनाङ ।
डाँगेघले, न्हेसः बारपाक, गोरखा ।
क्याल्दुघले, न्हेसः ध्याल्चोक, गोरखा ।

**२. कोन प्रेडी र न्हेसः**

सिन्कुह्लौंकोन, न्हेसः सिकलेस, कास्की ।
रिजेह्लौंकोन, न्हेसः रिजे, कास्की ।

म्लोँह्लोँकोन, न्हेसः सिकलेस, कास्की ।
ङ्होह्लोँकोन, न्हेसः अर्मला, कास्की ।
चोँलुह्लोँकोन, न्हेसः च्यकलुङ, कास्की ।
चेबेह्लोँकोन, न्हेसः सिकलेस, कास्की ।
क्लाख्लेँह्लोँकोन, न्हेसः ...............
तोरककोन, न्हेसः ..................

## ३. ख्लेप्रे प्रेडी र न्हेसः

कोख्लेप्रे, न्हेसः ......................
टुख्लेप्रे, न्हेसः .......................
टोँब्लीख्लेप्रे, न्हेसः ..................
म्होँजख्लेप्रे, न्हेसः ...................

## ४. पच्यु प्रेडी र न्हेसः

च्योँगीपच्यु, न्हेसः ..................
फेवालीपच्यु, न्हेसः..................
तक्रेपच्यु, न्हेसः......................
लम्क्युपच्यु, न्हेसः ..................

## ५. लम प्रेडी र न्हेसः

क्ह्लोँगीलम, न्हेसः सिक्लेस, कास्की ।
फिब्रो-ठ्हगीलम, न्हेसः फिब्रो, लमजुङ ।
म्हिगीलम, न्हेसः को र नल्वे, कास्की ।
पैँगीलम, न्हेसः नमचुँ, कास्की ।

क्युबीलम, न्हेसः ..................
क्ष्योलेलम, न्हेसः ..................
तितुलम, न्हेसः ..................
तोलंगीलम, न्हेसः ...............
हुर्दुलम, न्हेसः ....................

## ६. लेम प्रेडी र न्हेसः

ङिचीलेम, न्हेसः घनपोखरा, लमजुङ ।
चैँबरलेम, न्हेसः घनपोखरा, लमजुङ ।
फ्लोनलेम, न्हेसः घान्द्रुक, कास्की ।
कोर्केलेम, न्हेसः सिक्लेस, कास्की ।
टुचीलेम, न्हेसः ....................
कुचलेम, न्हेसः ....................
टिटेलेम, न्हेसः ....................

## ७. एकल प्रेडीः

ओमरुप्चै कजु कट्क्यु कली कुम्हि केप्च कोप्च कोया क्हत्र क्होल (खुलाल) क्होली कृजी क्रोम्चैँ गुडरे ङोर चक्ली चाइमए च्युर्मी चो चोर्मी जरल टोट्के तिँघी तुर तेलैजा तोम तिल त्होर्जे त्हार थीँ दिनै नथाने न्हाम्सी पल्चे पाइ पोजो पोमा पोले प्राँ प्ल्हन फ्लैँ फ्ल्हो बैच्यँ भजया मैइना मरिज्याल म्हुँ म्हलु योज रहजो राहुल रिते ऱ्हन ल्हयु ल्हेँगे ल्हौँ ल्होला सर्बुजा सिँजा सुकु शेरङे आदि ।

**नोटः** गुरुङ प्रेडीहरुको बारेमा निरन्तर अध्ययन र अनुसन्धान भैरहेको छ । हालसम्म ९७ वटा प्रेडीहरुको नाम बिभिन्न स्रोतहरुबाट संकलन हुन सफल भएको छ । यी प्रेडीहरुमा दुई वा दुईभन्दा बढीको संख्यमा भएकालाई समूहगत रुपमा राखिएको छ । के तपाइँको प्रेडी छुट् हुन गएको छ ? वा तपाइँको प्रेडीको नाम लेखाइमा अशुद्ध भएर ठीक उच्चारण हुन सकेको छैन ? वा दुइ भन्दा बढी प्रेडीहरु छन् भने कल्याणमित्र डीबी गुरुङलाई सम्पर्क गर्नु भइ शुद्धीकरण गर्न सहयोग गर्नु होला । तपाइँको सानो सहयोगले हाम्रो इतिहास लेख्ने क्रममा महत्वपूर्ण भूमिका राख्न सक्दछ ।

गुरुङहरुको आठवटा चाड पर्वहरु छन् । त्यसमध्ये खेमानाँब राष्ट्रिय पर्व, ल्होछार नयाँ वर्ष र गीतिकाव्य घाँटु सांस्कृतिक पर्व हुन् । यस बाहेक रीँम्ह्यँु पर्व (भाइटीका), नौगी पर्व (नउगी खाने), खिसरी पर्व (माघे संक्रान्ति), ठ्होत्हैँ (सामाजिक पुजा) र क्यसो पर्व (साउने सक्रान्ति) आदि समय अनुसार मनाइने पर्वहरु हुन् ।

गुरुङ समुदायको आफ्नै किसिमका मौलिक रीतिरि-वाजहरु छन् । जस्तैः रोधीँ परम्परा, गीतिकाव्य घाँटु, पुटपुटे, गुन्युचोली, ठ्होत्हैँ, कुर्से, पितृकार्य (पए) गर्ने गुरुङ समुदायको परम्परागत् मौलिक रीतिरिवाजहरु हुन् ।

गुरुङहरुको सामाजिक जीवनशैली अन्य जातिहरुको भन्दा अलि पृथक रहेको छ । यी जातिहरु तामसी भोजन गर्ने, फुपुचेला मामाचेलामा बिहेवारी चलाउने, रोधीँ

परम्परामा झ्यामिने र गीतिकाव्य घाँटु नृत्य प्रर्दशन गरेर सांस्कृतिक परम्परामा रमाउने गर्दछन् । लेकाली भेगमा बसोबास गर्ने भएकाले कृषि र पशुपालन सामाजिक जीवनका प्रमुख आधारशीला हुन् ।

गुरुङहरुले बोल्ने भाषालाई तमू भाषा भन्दछन् । यो भोट बर्मेली परिवार भित्रको भाषा हो । यो भाषा अत्यन्तै समृद्ध हुनका साथै छोटो, मिठो र सरल पनि छ । विसं २०५० सालदेखि चलनमा आएको खेमालाई गुरुङको लिपिको रुपमा प्रयोग गरिएको छ । लगभग आठसय वर्षदेखि संभोट उमे लिपिलाई शास्त्रिय लिपिको रुपमा प्रयोग हुदै आएको देखिन्छ । गुरुङको जीवन दर्शन यसैमा लेखिएको छ । यसलाई 'तमूत्हेँक्ष्योए' भन्दछ । यो ग्रन्थ नेपाली भाषामा छिटै अनुवाद हुदैछ ।

गुरुङहरुको आफ्नै किसिमको मौलिक भेषभूषा छन् । पुरुषहरु साधारण भोटो, कछाड, पटुका र भाङग्रा लाउछन् । महिलाहरु छिटको गुन्यु, मखमलको चोली, नीलो पटुका, मलिनाको मुज्यात्रो र टिकिसमा चिटिक्क सजिन्छन् । त्यसमाथि मुँगाको माला, सुनको सिक्री, अषर्फी माला, नौगेडी माला, पोते आदि गहनाले सिँगारिन्छन् । यसैले, गुरुङहरुको बास्तविक पहिचान दिन सफल भएको छ ।

गुरुङको मूलधर्म 'पोँङब' र पहिचान धर्म बुद्धधर्म हो । पोँङ्ब भनेको 'प्यताँ ल्हुताँ'को आधारमा आधारित मुखाकर रुपमा बाचन गरिने श्रुतिवेद हो । अर्थात् कुनै पनि सामाजिक कर्मकाण्डहरु गर्दा, मौखिक रुपमा पढिने

श्रुतिवेद हो। पोँङ्बको मूल सिद्धान्त प्रकृतिवादमा आधारित हुन्छन् । जस्माः पृथ्वी चन्द्र सूर्य तारामण्डल बन जंगल भीर पाखा नदी नाला डाँडा काँडा छहरा खहरा ठुला रुख ठुला झर्ना इन्द्रेणी हावा पानी आगो मातृ पितृ कुल कुलान सिल्दो नाल्दो सिमे भूमे नम्रु र कोँरुँब आदि हुन् ।

गुरुङ भाषामा कोँरुँब भनेको शिब हो । 'कोँ+रुँब' = कोँरुँब अर्थात् 'कोँ' भनेको डाँडा र 'रुँब' भनेको संरक्षण गर्ने क्रिया हो । संक्षेपमा भन्नु पर्दा अग्लो डाँडामा बसेर सबैको संरक्षण गर्ने भन्ने बुझ्नु पर्छ। उनी डाँडा काँडमा बस्न रुचाउने, शिकार खेल्ने र भाँङ धतुरा खाएर मातेका समयमा नृत्य गरेर मनोरञ्जन गर्न रुचाउँछन् । उनीसंग छलकपट गर्ने कला हुदैन । भक्तहरुले मागेपछि जो कोहीलाई पनि बरदान दिन तयार हुन्छन् । कोँरुँबलाई नेपाली भाषामा महादेब, शिव, शंभु, कैलाशपति, भोलानाथ र देवादिदेव पनि भन्दछ। राइले किरात, लिम्बुले यलम्बर, मगरले ... तामाङले ... थारुले ... भन्दछन् । जातजातिहरुको भाषाले बिभिन्न नामबाट सम्बोधन भए तापनि महदेवचै एउटै हुन् । बास्तवमा कोँरुँब मंगोलियन वंशका कुल देउता हुन् ।

गुरुङहरुले अवलम्बन गरेको बुद्ध धर्म निङम मत हो । 'निङम' भनेको गुरुङहरुले बोल्ने तमु भाषाको माउ भाषा हो । अर्थात् निङम भन्नाले जेठो, प्रमुख, प्रधान, बिशेष, उत्कृष्ट वा मौलिक भन्ने भावार्थलाई बुझाउदछ। र मत भनेको गुरुह्रिन्पोछे पद्मसंभवले तिब्बतमा स्थापना गरेको

सवभन्दा जेठो मत वा स्कुल हो । यो मत पोङ्ब संस्कृतिबाट बिकास गरिएको स्थानीय मौलिक संस्कारको जगमा बौद्धदर्शनको सूत्रपाठ गरिन्छ ।

यो महायानी मार्ग भित्रको सरल, सर्वश्रेष्ट र उत्तम मत हो । यो मतम प्रवर्जित हुने गुरुहरुले भिक्षुत्व व्रत ग्रहण गर्नु पर्ने बाध्यत्मक अवस्था रहदैन । उनीहरु साधारण अवस्थमै 'पञ्चशील' ग्रहण गरेर पारिवारिक जीवनबाटै विद्धत्ता प्राप्त गरी कर्मकाण्ड गर्दछन् । ज्ञानकाण्डभन्दा कर्मकाण्डलाई प्रार्थमिकता दिने यो मतको बिशेषता हो । यस मतमा बौद्धदर्शन बाचन गरी स्थानीय जात जातिको संस्कार र संस्कृति अनुसार कर्मकाण्ड गर्ने गरिन्छ । त्यसैले, यो मत अन्य मतहरु भन्दा सरल, सजिलो, फराकिलो र लोकप्रिय भएको पाइन्छ ।

गुरुङहरुको मूल व्यवसाय कृषि र पशुपालन हो । पशुपालन बिना कृषि व्यवसाय समुन्नत हुन सक्दैन । त्यसैले पशुपालन अर्थात गोठाले जीवन नै गुरुङहरुको व्यवसायिक आधारशिला हो । पशुपालन मध्येमा भेडीगोठ उत्तम मानिन्छ । भेडीगोठबाट उन प्राप्त हुने भएकोले उनबाट उन्नत खालका राडी पाखी बुनी 'गास, बास र कपास'को आभाव पूर्ति गर्दछन् । यसर्थ, भेडी गोठलाई 'नुन, उन र सुन'को व्यवसाय पनि भन्दछन् ।

गुरुङ समाजमा लाहुरे प्रथाको प्रचलन हुन थालेपछि लाहुरेहरुबाट नगद आम्दानी हुने भएकाले लाहुरे प्रथा पनि भरपर्दो व्यवसायको स्वरुप बन्यो ।

हाल विश्वव्यापीकरणको लहरले गर्दा, बैदेशिक रोजगारले नगद व्यवसायको रुप दिएको छ । यस बाहेक गुरुङहरु अन्य व्यवसायमा पनि छिटपुट देखिएका छन् । स्वदेशमै उन्नत खालका व्यवसाय गरेर सफलता प्राप्त गरेका ‘भाटभटेनी सुपर मार्केट’का सञ्चालक मीन बहादुर गुरुङ र बिदेशी भूमिमा मौलाएका शेष घले ज्वालन्त उदाहरण हुन् ।

## ८. लाहुरे प्रथाः

यो लाहुरे भन्ने शब्द नेपाली समाजको जनजिब्रोमा राम्रोसंग भिजेको शब्द हो । न्यून र मध्यम स्तरसम्म शिक्षा प्राप्त गरेको युवाहरुका लागि 'नुनपानी' खानका लागि सजिलो र भरपर्दो पेसा पनि हो । यो पेसाबाट लाखौंलाख घर परिवारहरु प्रत्यक्ष्य अप्रत्यक्ष रुपमा आश्रित भएर उन्नति प्रगति गरेका छन् ।

यो लाहुरे शब्दको व्युत्पति तीनवटा शब्दहरुबाट समास भएको छ । जस्मा 'लाहुरबाट+आएको+रे' अर्थात् लाहुर भन्ने स्थानबाट आएको रे भन्दा भन्दै छोटकारीमा लाहुरे हुन आएको भन्ने भनाइ रहेको पाइन्छ ।

लाहुरेको इतिहासलाई सरसर्ति हेर्दा, गोर्खाका राजा पृथ्वीनारायण शाहले राज्य बिस्तार गर्ने क्रममा इस्वी १७६३ मा गोर्खाली पल्टन 'श्रीनाथ गण' खडा गरेका थिए । इस्वी १७६९ मा स्रोतहरुले भरिपूर्ण हराभरा काठमाडौं उपत्यकालाई आफ्नो अधिनमा पारेपछि त्यही राजधानी बनाए । गोर्खाली सेनाले इस्वी १७६८ मा अंग्रेजका बिरुद्ध गढवाल र काँगडामा, १७८९ र १८५५ मा भोटका बिरुद्ध, १८१४–१६, १८६२ मा अंग्रेजसित युद्ध लड्यो । गोर्खाली फौजले १८१४ सम्ममा टिस्टादेखि काँगडासम्मको सम्पूर्ण हिमाली प्रदेश जितिसकेका थिए ।

भारतमा इस्ट इन्डिया कम्पनीले जरा गाडेपछि ब्रिटिश साम्राज्यवादीको हुकुम चल्यो । गोर्खाली वीर र बहादुरहरुको युद्धकला देखेर अङ्ग्रेज हच्किएको थियो । त्यसैले, यिनीहरुसंग शत्रुता मोल्नु भन्दा, यिनीहरुलाई नै आफ्नो सेनामा भर्ती गरेर साम्राज्यवादलाई बिस्तार गर्ने दूरगामी सोँच राखेर विस १८१४-१८१६बीच बिभिन्न चरणमा सम्वाद भएपछि 'अक्टरलोनी र काजी अमरसिँह थापा'बीच संझौता भयो । उक्त संझौता अनुसार सन् १८१९ अप्रिल २४ तारिकको दिन पाकिस्तान स्थित लाहुर भन्ने स्थानमा एउटा गोर्खाली पल्टनको स्थापना भयो ।

काजी अमरसिँह थापाको पतन पछि श्री ३ जंग बहादुर राणा सत्तामा आए । गोर्खाली पल्टनबाट मोटो रकम (Royalty) सलामी आउने पक्का भएपछि राणा सरकारले पनि सन् १८८४मा स्वीकृति दियो । सुगौली सन्धीपछिको नेपाल र अंग्रेजबीचको अप्ठ्यारो सम्बन्ध श्री ३ जंगबहादुर राणाको उदय र उनको १८५०को बेलायत भ्रमण पश्चात् ब्रिटिश साम्राज्यवादप्रति नेपाल पूर्णपक्षमा परिणत भयो ।

सन् १८८६ देखि १९०४ सम्म भारतीय सेनामा भर्ती हुने गोर्खालीहरुको संख्या २७,४२८ थियो । १९०४ देखि १९३५ को दौरानमा यो संख्या १,२८,७७० पुग्यो । प्रथम विश्वयुद्धको अवधिमा भर्ती गरिएको कुल संख्या १,१४,५६५ थियो । भारतीय सेनामा सेवारत कुल २,००,०० गोर्खालीको अलावा अङ्ग्रेजको दृढ समर्थक

चन्द्र शमशेर राणाले भारतीय सीमा क्षेत्रहरुको रक्षार्थ १६,००० फौज पठाए । यसरी गोर्खालीहरुले गिवेन्ची, एप्रेस, ग्यालीपोली, प्यालेस्टाइन, मेसोपोटामिया, स्वेज, पर्सिया, वजिरिस्तान आदि थुप्रै क्षेत्रहरुमा बहादुरीसाथ नाम कमाए । यसरी कुलवीर रानामगरले १९१५मा प्यालेस्टाइनमा र कर्णबहादुर रानामगरले १९१८मा फ्रान्समा देखाएको बहादुरीको लागि भिक्टोरिया क्रसद्धारा विभूषित् गरियो ।

दोस्रो विश्वयुद्धमा गोर्खालीहरुको संलग्नता झन ठुलो परिणाममा भयो । उनीहरु इराक, पर्सिया, साइप्रस, ट्युनिसिया, इटाली, ग्रीस, बर्मा, मलाया र इन्डोनेसियाको महायुद्धमा संलग्न थिए । युद्धको दौरानमा लाल बहादुर मगर र थमन गुरुङले ट्युनिसियामा, गजे घले, गन्जु लामा, तुल बहादुर पुनमगर, नेत्र बहादुर थापामगर, अगमसिँ राई, भानुभक्त गुरुङ र लक्षमण गुरुङले बर्मामा बहादुरीसाथ युद्ध गरेकाले उनीहरुलाई भिक्टोरिया क्रसद्धारा बिभूषित गरिएको थियो । बिर्तासिँ गुरुङलाई ‘रसियन स्टार’ (जुन भारतीय सेनालाई जम्मा २वटा प्रदान गरिएको थियो) ले बिभूषित गरिएको थियो ।

महायुद्ध समाप्त भएको दुई वर्षपछि ब्रिटिस भारत अन्तर्गतको गोर्खाली भर्ती परम्पराको लामो अध्यायको पनि अन्त्य भयो । सन् १९४७ को भारत स्वाधीनताले गर्दा १, ३, ४, ५, ८, ९ र ११ गोर्खा राइफल भारतीय सेनाको रुपमा र २, ६, ७ र १० गोर्खा राइफल ब्रिटिस

गोर्खा ब्रिगेडको रुपमा बिभाजित भयो । एउटा स्वतन्त्र राष्ट्रको नागरिकहरु दुइ बिदेशी राष्ट्रका सेनामा अग्रिम रक्षक हुन पुगे ।

यसपछि भारतीय सेनाले सन् १९६२/६३मा चीनसंग, १९६५मा पाकिस्तानसंग र १९७१मा बंगलादेशसंगको युद्धमा संलग्न भयो । ब्रिटिस फौजमा जानेहरु मलाया, इन्डोनेसिया र ब्रुनाइको युद्धमा संलग्न भए । ब्रिटिस सेनामा संलग्न हुनेहरु मलेसियाको युद्ध समाप्त भएपछि एउटा पल्टनलाई सिंगपुर पुलिसको रुप दिएर हजारौं गोर्खालीहरुलाई 'रेटेन्सी'मा खाली खुट्टा घर पठाए । बाँकीलाई हङकङमा पुनःस्थपना गराए ।

सन् १९९७ पछि सैनिक संख्यामा भारी कटौति गरेर बाँकी रहेकालाई बेलायतमा पुनःस्थापना गरे । सन् २०१४ सम्ममा बेलाएतमा गोर्खाली पल्टनको संख्य लगभग ३२०० मात्र रहन आएको छ ।

यसैगरी सन् १९९०को दशकसम्म भारतमा गोर्खाली सेनाका लागि ४वटा प्रशिक्षण केन्द्रहरु र ३८वटा पल्टनहरु रहेका थिए । यस बाहेक २०वटा भन्दा बढी आसाम राइफल्सका गोर्खाली पल्टनहरु पनि कायमै छन् ।

प्रत्येक प्रशिक्षण केन्द्रहरु र पल्टनमा आधिकृतहरु र सैनिकहरु गरेर एक हजारको हराहारीमा हुने गर्दछन् । यसबाट के बुझिन्छ भने भारतीय सेनामा लाखौंको संख्यामा नेपालीहरुले रोजगार पाएका छन् ।

लाहुरेहरुको दिनचर्याको हकमा मूलतः अनुशासन कायम गर्ने, शारीरिक व्यायम, सैनिक शिक्षा, हात-हतियारहरुको प्रशिक्षण, जंगल प्रशिक्षण र बैरीहरुलाई परास्त गरेर आफ्नो किल्ला सुरक्षित गर्ने बिषयमा केन्द्रित रहेका हुन्छन् ।

भारतीय सेनामा भर्ती भएपछि प्रत्येक ४ वर्षमा ४ महिनाको घर बिदाका साथै गण्डकी क्षेत्र 'तमुवान' राज्य भित्र बसोबास गर्नेहरुले २८ दिनको आउने जाने बाटो बिदा समेत गरी १४८ दिन बिदा पाउछन् । तर हालः यातायातको सुबिधा भैसकेकोले आवश्यकता अनुसार वार्षिक रुपमा पनि बिदा लिन पाइन्छ ।

आदिमकालमा गुरुङ समुदायमा व्यापार व्यवसाय केही थिएन । लाहुरेहरुबाट प्राप्त हुने नगद नै मुख्या आर्थिक श्रोत मानिन्थ्यो । त्यस बखत लाहुरेको मासिक तलब नगन्य रुपमा भए तापनि बस्तु बजारको तुलनात्मक हिसाबले द्रव्यको बजार गह्रुँगो थियो । त्यसैले, न्यून रकमले पनि धेरै बस्तु किन्न सकिने अवस्था थियो ।

सन् १९९०को दशकबाट लाहुरेको तलबमा अपार बृद्धि भयो । यिनै श्रोतको माध्यमबाट गुरुङहरुले बृत्ति बिकास गर्दै गाउँघरदेखि शहर बजारसम्म अलिशान घरहरु बनाएर भौतिक सुख सुविधाको उपभोग गरेका छन् । छोरा छोरीहरुलाई राम्रो शिक्षा दीक्षा दिएर उन्नति प्रगति गर्न सफल भएका छन् ।

सुरुमा भारतीय गोर्खा भर्ती केन्द्र गोरखपुरमा मात्र सीमित थियो। त्यस बखत भर्ती हुन लायकका युवाहरुलाई मापदण्ड पुराएर गल्लावाला मार्फत गोरखपुर लगिन्थ्यो। समयको मांग अनुसार त्यसलाई बिस्तार गर्दै सवार्तु, देहरादुन, सिलाङ र लखनउँ आदि तालिम केन्द्रहरुमा पनि भर्ती गरिन थाल्यो। अहिले बिभिन्न जिल्लाका पेन्सन बितरण कैम्पहरुमा वर्षको एक पटक दौड प्रतियोगिता गराएर गोर्खा भर्तीको व्यवस्था मिलाइएको छ।

यसैगरी, ब्रिटिश सरकारले पनि गोर्खा भर्ती केन्द्रका रुपमा धरान र पोखरामा सञ्चालन गर्दै आएका थिए। सन् १९९७को हङकङ सन्धिबाट सेनामा भारी कटौटी गरिए पछि धरानको भर्ती केन्द्र बन्द भयो। हाल भर्ती केन्द्रका रुपमा पोखरा क्याम्प र पारीवारिक सुख सुविधाहरु हेर्नाका लागि ललितपुरको एउटा क्याम्पमा मात्र सीमित हुन आएको छ।

भारतीय र ब्रिटिश सेनामा भर्ती हुने अवसर कम हुन थाले पछि युवाहरुको झुकाव नेपाली सेनातिर बढेको छ। नेपाली सेनाले पनि आवश्यकता हेरेर काठमाडौंमा भर्ती केन्द्र खोल्ने गरेका छन्। त्यही समय पारेर गुरुङ युवाहरु सेनामा भर्ती हुने गर्दछन्।

सन् १९९०को दशक भन्दा पहिले गुरुङ युवाहरुले गोर्खा भर्तीलाई नै जीवनको पहिलो लक्ष्य बनाउने गर्दथ्यो। तर त्यस पछिको दशकबाट विश्वव्यापीकरणको लहर चलेको हुनाले युवाहरु बैदेशिक रोजगार र उच्च शिक्षा

अध्ययनको सिलसिलामा बिभिन्न देशहरुमा पनि जान थाले । जस्माः खाडी मुलुकहरु, मध्यपूर्व, दक्षिण कोरिया, जापान, युरोपेली मुलुकहरु, रसिया, अस्ट्रेलिया, अमेरिका, बेलायत र क्यानडा आदि छन् । यस बाहेक सन् १९९७ पछि हङकङमा जन्मेका गोर्खाली लाहुरेका छोरा छोरीहरुलाई त्यही स्थायी रुपमा बसोबास गर्न पाउने अधिकार पाएपछि ठुलो संख्यामा गुरुङहरुले त्यही राम्रो अवसर पाएका छन् ।

यसरी, अन्य माध्यमहरुबाट पनि राम्रो अवसरहरु पाएका हुनाले अनुपातमा गोर्खा भर्ती प्रतिको अकर्षण कम हुँदै गएको देखिन्छ ।

गोर्खा भर्तीको मूल आकर्षण भनेको पेन्सन हो । यो पेन्सन आफ्नो शेष पछि आफ्नो श्रीमती र नाबालक छोरा छोरीहरुले समेत पाउने भएकाले, अत्यन्तै भरपर्दो स्रोतका रुपमा लिइन्छ । गाउँ घरमा बस्ने निम्न आय भएका परिवारहरुलाई यो स्रोत बारदान सावित भएको छ। पहिला पहिला खासखास ठाउँहरुबाट मात्र पेनसन बितरण हुन्थ्यो । हालः बिभिन्न केन्द्रहरुबाट पनि यो व्यवस्था मिलाइएको छ । पहिलेको अनुपातमा अहिले धेरै सजिलो भएको छ ।

बेलायति गोर्खा सैनिक संघ संस्थाहरुको पहलमा प्रथम र दास्रो विश्वयुद्धमा बीरगति प्राप्त गरेका सैनिक-हरुको लागि स्याङजा मट्टिखानमा गोर्खा स्मारक पार्क निर्माण हुदै गरेको जानकारी प्राप्त भएको छ ।